# आर्थिक वर्ष २०७७/०७८

# को

# बजेट वक्तव्य

चौरजहारी नगरपालिका

रुकुम (पश्चिम)

कर्णाली प्रदेश

२०७७

नगर सभाको बैठकमा मिति २०७७ साल असार १० गते बुधबार

नगर उपप्रमुख श्री राधा रोकाज्यूले

प्रस्तुत गर्नु भएको

# आर्थिक वर्ष २०७७।०७८

# को

# बजेट वक्तव्य

चौरजहारी नगरपालिका

रुकुम (पश्चिम)

कर्णाली प्रदेश

२०७७

**अध्यक्ष महोदय,**

१. विश्वव्यापी महामारीका रुपमा फैलिरहेको कोरोना रोगले मानव जाति र मानव सभ्यतालाई चुनौति दिईरहेको छ । विज्ञान तथा प्रविधिको विकास र आर्थिक दृष्टिले सम्पन्न भनिएका राष्ट्रहरु समेत कोरोनाको महामारीको छालमुनी निसासिएको कहालिलाग्दो र चिन्ताजनक अवस्था एकातिर छ भने अर्कोतिर कोरोना भाइरसका कारण विश्व समुदायले मानवीय र आर्थिक संकट व्यहोर्नु परेको छ । कोरोना रोगकै कारण विश्व समुदाय करिब लकडाउनको अवस्थामा छ, आक्रान्त बनेको छ भने आर्थिक गतिविधिहरु ठप्प भई अर्थतन्त्रका प्रमुख क्षेत्रहरुमा समेत गम्भीर प्रभाव पर्न थालेको छ । यस्तो स्वास्थ्य संकटजस्तो विषम परिस्थितिमा यस नगरपालिकाको चौथो बजेट सभा समक्ष पेश गर्न उभिएको छु ।

२. कोरोना रोगबाट आम नगरवासीको जीवन रक्षा गर्ने र अर्थतन्त्रलाई गतिशील बनाउने गहन जिम्मेवारी हाम्रो सामु चुनौतिको रुपमा अगाडि आएको छ । हालसम्मको अथक प्रयासबाट हासिल भएको उपलब्धीको जगमा टेकेर विकास र समृद्धिको यात्रालाई तीव्रता दिने मार्गमा कोरोना महामारीको कारण धक्का लागेको छ र यो एउटा सुनौलो अवसरको रुपमा प्रस्तुत हुन सक्ने परिस्थिति समेत हाम्रो सामु छ । यस विषम र संकटको घडिमा सबै राजनैतिक दल, जनप्रतिनिधि, कर्मचारी, संघ संस्था, बुद्धिजिवि, समाजसेवी र आम नागरिकको सहयोग र ऐक्यवद्धताले वर्तमान चुनौतीको सामना गर्न सकिन्छ भन्ने नगरपालिकाको दृढ विश्वास र संकल्प छ ।

३. नेपाली जनताको त्याग, वलिदान र लामो संघर्षको परिणाम स्वरुप प्राप्त भएको नेपालको संविधान २०७२ ले दिएको अधिकार प्रयोग गरी चौरजहारी नगर सरकारको तर्फबाट आर्थिक वर्ष २०७७/०७८ को बजेट प्रस्तुत गर्न पाउँदा गौरवको अनुभूति भएको छ । विभिन्न कालखण्डहरुमा नेपाली जनताले गरेका बलिदानपूर्ण ऐतिहासिक जनआन्दोलन, १० वर्षे महान् जनयुद्ध, मधेश आन्दोलन लगायत अन्य सबै आन्दोलनबाट संघीय

लोकतान्त्रिक गणतन्त्र नेपालको संविधान घोषणा भई जनताले संवैधानिक रुपमा परिवर्तनको अनुभूति गरिरहेका छन् ।

४. समाजवाद उन्मुख राज्य व्यवस्था प्राप्तीको आन्दोलनमा जीवन उत्सर्ग गर्नुहुने ज्ञात अज्ञात महान् सहिदहरुप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु । राज्य व्यवस्था परिवर्तनका युद्ध र आन्दोलनमा आफ्नो शरिरका अंगहरु गुमाउनु हुने घाइते तथा अपांग योद्धाहरुको उच्च सम्मान गर्न चाहन्छु । वेपत्ता योद्धाहरुको स्मरण गर्दै सम्पुर्ण सहिद परिवारप्रति उच्च सम्मान प्रकट गर्दछु । राष्ट्रियता, लोकतन्त्र र जनजीविकाको आन्दोलनमा अगुवाई गर्नुहुने सम्पूर्ण अग्रजहरुको योगदानको उच्च सम्मान सहित आदरभाव प्रकट गर्दै यसको लागि नेपाली जनताले पटक-पटक गर्दै आएको ऐतिहासिक जनआन्दोलन, महान जनयुद्ध, मधेश आन्दोलन एवम् विभिन्न कालखण्डमा भएका संघर्ष र आन्दोलनको स्मरण गर्न चाहन्छु ।

५. कोभिड -१९ सङ्क्रमण रोकथाम, नियन्त्रण र उपचारको लागि नगरपालिकाको सिंगो परिवार सुरुदेखि नै क्रियाशिल छ । यही क्रियाशिलताबाट नै यस रोगको सङ्क्रमणबाट नगरपालिकाभित्र सबैको जीवन रक्षा गर्न हामी सफल भएका छौं । जोखिमपूर्ण परिस्थितिमा अग्रपङ्क्तिमा रहेर सेवा गर्ने एवम् महामारी रोकथाम, नियन्त्रण र उपचारको कार्यमा योगदान पुऱ्याउनु हुने सम्पूर्ण स्वास्थ्यकर्मी, जनप्रतिनिधि, सुरक्षाकर्मी, स्वयंसेवक, कर्मचारी, सवारी चालक लगायतका सम्पूर्ण राष्ट्रसेवक, नगरवासी दाजुभाई तथा दिदिबहिनीहरु तथा संघ-संस्था, राजनीतिक दल, निजि तथा व्यवसायिक क्षेत्र, सञ्चार जगत् र प्रकोप व्यवस्थापन कोषमा जिन्सी तथा नगद उपलब्ध गराउने सबैलाई धन्यवाद दिन चाहन्छु ।

६. बजेट तर्जुमा गर्दा मूलतः नेपालको संविधान र कानूनहरु, संघ तथा प्रदेश सरकारको नीति तथा कार्यक्रम, नगरसभाबाट पारित यस नगरपालिकाको नीति तथा कार्यक्रम, नेपाल सरकारको पन्ध्रौं योजना, दिगो विकास लक्ष्य, कर्णाली प्रदेश सरकारको प्रथम पञ्चवर्षिय योजनाको आधारपत्रलाई आधार बनाईएको छ । बजेट तर्जुमाको सिलसिलामा पूर्वमन्त्री तथा प्रतिनिधिसभा

सदस्य माननीय जनार्दन शर्मा लगायत रुकुम (पश्चिम) जिल्लाबाट संघ तथा प्रदेशमा प्रतिनिधित्व गर्नुहुने सम्पूर्ण माननीयज्यूहरु, संघ, प्रदेश, जिल्ला र नगरपालिकामा प्रतिनिधित्व गर्नुहुने विभिन्न राजनीतिक दलका प्रमुख तथा प्रतिनिधिहरु, टोल तथा वस्तिस्तरिय योजना छनौटमा भाग लिने वडा समितिका पदाधिकारीहरु, आर्थिक विकास समिति, सामाजिक विकास समिति, पूर्वाधार विकास समिति, वातावरण तथा विपद् व्यवस्थापन समिति, सार्वजनिक सेवा तथा क्षमता विकास समिति, राजश्व परामर्श समिति, स्रोत अनुमान तथा सिमा निर्धारण समिति, बजेट तथा कार्यक्रम तर्जुमा समिति, लक्षित वर्गका प्रमुख तथा प्रतिनिधि लगायत विभिन्न संघ संस्था एवम् विद्वत वर्ग लगायतबाट प्राप्त सुझाव समेतलाई ध्यान दिएको छु ।

७. आत्मनिर्भर, एकतावद्ध र समृद्ध नगरको निर्माण गर्न उपलब्ध मानवीय, भौतिक, प्राकृतिक र वित्तीय स्रोत साधनको उत्पादनशील र सृजनशील परिचालन गर्ने गरी बजेट तयार पारेको छु ।

८. आर्थिक वर्ष २०७७।०७८ को बजेट प्रस्तुत गर्नु अघि आर्थिक वर्ष २०७६।०७७ मा प्रस्तुत बजेटको कार्यान्वयनको अवस्था संक्षिप्त रुपमा प्रस्तुत गर्न चाहन्छु :–

(क) नगरपालिकाका सबै वडा, गाउँ, वस्ती र टोलहरु सडक सञ्जालमा जोडिएका छन् । बाह्रै महिना सडक सञ्चालन गर्न संभाव्य स्थानहरुमा पक्की पुलहरु निर्माण भईरहेका छन् । संघ तथा प्रदेश सरकारसँगको सहकार्यमा विभिन्न सडकहरुको स्तरोन्नति गर्ने, चौरजहारी उपत्यकाभित्र कालोपत्रे गर्ने लगायतका कार्यहरु तीव्र गतिमा भईरहेका छन् । सबै वडाहरुमा राष्ट्रिय विद्युत प्रसारण लाईनको लागि पोल तथा तारहरु विस्तार गरी विजुली बाल्ने प्रक्रिया तीव्र गतिमा अगाडि बढेको छ । लिफ्ट खानेपानी आयोजनाहरु द्रुत गतिमा सम्पन्न भएका छन् ।

(ख) नगरपालिका क्षेत्रभित्र नगरवासी दाजुभाई दिदिबहिनीहरुको आवतजावत सहज तुल्याउन नगरपालिकाको पूर्ण लगानीमा ३ वटा नगर बसहरु खरिद गरी सञ्चालनमा ल्याईएको छ ।

(ग) स्थानीय तहको चुनाव भई स्थानीय तहका सरकार गठन भएदेखि हालसम्म नगरपालिकाबाट कार्यान्वयन गरिएका आयोजनाहरु र सोको खर्च विवरण, हालसम्मका नगर कार्यपालिका र नगरसभाका निर्णयहरु एवम् सोको कार्यान्वयनको अवस्था, नगरपालिकाको सङ्गठन संरचना र दरवन्दी लगायतको विस्तृत विवरण समेटिएको जानकारीमूलक पुस्तिका प्रकाशन गरी नगरपालिकाका हालसम्मका सबै गतिविधिहरु लिपिवद्ध गरिएको छ ।

(घ) नगरपालिकाले २ वटा एम्बुलेन्स २४ शैं घण्टा सञ्चालन हुने व्यवस्था मिलाई अत्यावश्यक सेवाको रुपमा एम्बुलेन्स सेवालाई सञ्चालन गरी स्वास्थ्य सेवालाई भरपर्दो र प्रभावकारी बनाउन खोजिएको छ ।

(ङ) गुणस्तरिय, जीवनोपयोगी, प्रविधिमैत्री र व्यवहारिक शिक्षाको सुनिश्चितताको लागि संविधानत् स्थानीय तहलाई प्राप्त शिक्षा सम्बन्धि अधिकारको गतिशिल र प्रभावकारी तरिकाले कार्यान्वयन गर्न कानूनी व्यवस्थाहरु गरिएको छ । नियमित अनुगमन, मूल्याङ्कन र पृष्ठपोषणमा जोड दिईएको छ । सबै सामुदायिक विद्यालयहरुलाई प्रविधिमैत्री बनाउन प्रत्येक विद्यालयहरुमा ल्यापटप, कम्प्युटर, प्रोजेक्टर, इन्टरनेट सेवा जडान गरिएको छ । संघ तथा प्रदेश सरकारसँगको समन्वय र पहलमा हिमालय माध्यमिक विद्यालय खोलागाउँ र शीतल माध्यमिक विद्यालय चौरजहारीलाई नमूना विद्यालयको रुपमा घोषणा गरी सोही अनुसारको संरचना निर्माणको कार्यलाई तीव्रता दिईएको छ । अन्य विद्यालयहरुलाई समेत नमूना बनाउन भौतिक संरचना सुधारमा ध्यान दिईएको छ ।

(च) सामुदायिक विद्यालयमा बालबालिकाको आकर्षण बढाउन, निःशुल्क र अनिवार्य आधारभूत शिक्षा सम्बन्धी मौलिक हकको कार्यान्वयन गर्न र **“ल्याऔं, सिकाऔं, टिकाऔं र विकाऔं”** भन्ने राष्ट्रिय नारा अनुसार

बालबालिकाहरुको भर्ना दर र विद्यालयमा टिकाउ दर बढाई शैक्षिक गुणस्तर सुधार गर्न सामुदायिक विद्यालयका कक्षा १ देखि कक्षा ५ सम्मका करिब पाँच हजार बालबालिकालाई पोषाक, न्यानो कपडा तथा स्टेशनरी सामग्री खरिद गरी वितरण गर्ने व्यवस्थालाई निरन्तरता दिईएको छ ।

(छ) नगरपालिकाको आफ्नै स्रोतबाट विद्यार्थी सङ्ख्याको आधारमा करार स्वयंसेवक शिक्षकहरुको व्यवस्था गरी पठनपाठनको कार्यलाई सहज तुल्याईएको छ । शैक्षिक क्यालेन्डर निर्माण गरी सोही अनुरुप शैक्षिक क्रियाकलाप सञ्चालन हुने व्यवस्था मिलाईएको छ ।

(ज) शिक्षा क्षेत्रमा देखा परेका मूलभूत समस्याहरु पहिचान गरी सोको समाधानको लागि शैक्षिक पुनर्जागरण अभियान सञ्चालन, मदिराजन्य पदार्थ सेवन गर्ने, पदीय दायित्व पूरा नगर्ने, पदीय मर्यादा र आचारसंहिताको परिपालना नगर्ने शिक्षक कर्मचारीहरुलाई दण्डित गर्ने, अनुपस्थित दिनको तलब सुविधा कट्टी गर्ने, व्यवस्थापकीय क्षमता अभिवृद्धि गर्ने, सामुदायिक विद्यालय एवम् सार्वजनिक स्थलको १०० मिटर वरीपरी सूर्तिजन्य पदार्थको सेवन, विक्रिवितरण गर्न नपाउने र ५०० मिटर वरीपरी मदिराज्य पदार्थ सेवन, विक्रि वितरण र उत्पादन गर्न नपाउने व्यवस्था लागू गरिएको छ ।

(झ) विद्यालयहरुको घेरावार, शौचालय, कक्षाकोठा, खेलमैदान, खानेपानी धारा लगायतका भौतिक संरचना सुधार गर्ने र भएका भौतिक संरचनाहरुको पूर्ण उपयोग गर्ने नीति अख्तियार गरिएको छ । शिक्षालाई पहिलो प्राथमिकताको क्षेत्रको रुपमा तोकि सोही अनुसार बजेट विनियोजन गरिएको छ ।

(ञ) १५ शैयाको नगर अस्पताल सञ्चालनको लागि आवश्यक पूर्वाधार निर्माणको कार्यलाई तीव्रता दिईएको छ भने एक वडा एक स्वास्थ्य

**संस्था**को मान्यता अनुसार सबै वडाहरुमा आधारभूत स्वास्थ्य सेवा केन्द्र स्थापना गरी सहज रुपमा आधारभूत स्वास्थ्य सेवा उपलब्ध हुने व्यवस्था मिलाईएको छ ।

(ट) सरकारी जागिर खाएर स्वास्थ्य संस्थामा काम नगर्ने र आफ्नो निजि क्लिनिकमा काम गर्ने प्रवृत्तिलाई अन्त्य गर्न कठोर अभियान अगाडि बढाईएको छ । स्वास्थ्य संस्थाहरुको सुदृढिकरण गरी गुणस्तरिय र आधारभूत स्वास्थ्य सेवामा आम नागरिकको सरल र सहज पहुँच स्थापित गर्न नगरपालिका पूर्ण रुपमा प्रतिवद्ध छ ।

(ठ) **सहस्राब्दी विकास लक्ष्यहरू**, पूरा गर्न र **"सुखी नेपाली समृद्ध नेपाल"** को सपना साकार पार्न उत्पादन र रोजगारीमा जोड दिईएको छ । कृषि र पशुपालन व्यवसायलाई विविधिकरण, व्यवसायिकरण, यान्त्रिकरण र आधूनिकीकरण गरी कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व वृद्धि गर्न कृषिमा आधारित उद्योग स्थापना गरी सञ्चालन गर्ने प्रक्रिया अगाडी बढाईएको छ । दाना उद्योग, कापी उद्योग, गार्मेन्ट उद्योग र जुस उद्योग स्थापना र सञ्चालन प्रक्रिया अगाडी बढाईएको छ । संघ तथा प्रदेश सरकारसँगको साझेदारीमा टिस्यु कल्चर ल्याव स्थापना, विउ प्रशोधन केन्द्रको निर्माण र माछापालन व्यवसाय प्रवर्द्धनको लागि पोखरी निर्माणको कार्यलाई योजनावद्ध रुपमा अगाडी बढाईएको छ ।

(ड) अलैचि, कागती, आँप, केराजस्ता फलफूल खेतीलाई व्यवसायिक ढङ्गले अगाडि बढाईएको छ । भैसीपालन, बाख्रापालन र कुखुरापालन व्यवसायलाई पकेट क्षेत्रको रुपमा व्यवसायिक ढङ्गले अगाडि बढाईएको छ । नगरपालिकालाई कृषिमा आत्मनिर्भर बनाई निर्यात प्रवर्द्धन र आयात विस्थापन गर्न नगरपालिका क्रियाशिल छ ।

(ढ) कृषि सहकारी संस्थाहरुको सुदृढिकरण गरी कृषि सम्बन्धि कार्यहरु समूह तथा सहकारी संस्थाहरु मार्फत कार्यान्वयन गरिएको छ । दूग्ध

डेरीको स्थापना गरी गाउँ-गाउँबाट दूध सङ्कलन गर्ने व्यवस्था मिलाईएको छ ।

(ण) लागू पदार्थ दूर्व्यसनी, अवैध ढङ्गले मदिराजन्य पदार्थको उत्पादन र विक्रि वितरण गर्ने, मदिराजन्य पदार्थको सेवन गरी सामाजिक तथा पारिवारिक सुसम्बन्ध खलबल्याउने एवम् अन्य सामाजिक विकृति र विसङ्गतिजन्य कार्यहरु सञ्चालन गर्ने एवम् सामाजिक सद्भाव, सहिष्णुता, सार्वजनिक शान्ति, सुव्यवस्था र अमनचयन विरुद्धका गतिविधिहरुका विरुद्ध स्थानीय प्रशासनसँगको सहकार्यमा **"सामाजिक साँस्कृतिक रुपान्तरणको आधारः विकृति तथा विसङ्गति विरुद्धको प्रहार"** अभियानको सुरुवात गरिएको छ ।

(त) आधारभूत खानेपानी तथा सरसफाईमा आम नगरवासीको सहज पहुँच स्थापित गरी आम जनतालाई स्वच्छ र सफा खानेपानीको भरपर्दो व्यवस्था गर्न संघ तथा प्रदेश सरकार समेतको सहयोगमा **"एक घर एक धारा"** निर्माण अभियान सञ्चालन गरिएको छ । वडा नं. १, २, ३, ४, ५, ६, ८, १० र १४ लगायतका वडाहरुमा **एक घर एक धारा निर्माण** अभियान अन्तर्गत वृहत खानेपानी आयोजना निर्माणाधिन छन् ।

(थ) आयोजनाहरुको गुणस्तर, परिमाण, लागत र समय सुनिश्चित गर्न जिल्ला समन्वय समिति, जिल्ला प्रशासन कार्यालय, नगरपालिका तथा अन्य सरोकारवाला निकायहरु सहितको संयुक्त अनुगमन, नियमन, मूल्याङ्कन र पृष्ठपोषणलाई निरन्तरता दिईएको छ । निर्माण व्यवसायीहरुलाई गुणस्तरहीन कार्य गरेमा वा गुणस्तर, परिमाण, लागत र समयसँग तादाम्यता नमिलाई कार्य गरेमा वा समयमै काम सुरु नगरेमा वा तोकिएको अवधिभित्र कार्य सम्पन्न नगरेमा कानून बमोजिमको यथाशीघ्र दण्डित गर्न अख्तियार प्राप्त निकायलाई जानकारी गराउने गरिएको छ । **"घुस लिने र दिने देशका शत्रु हुन् । समृद्धि र विकासका वाधक हुन् ।**

**सदाचार र नैतिकताका कलङ्क हुन् ।"** भन्ने नारालाई व्यवहारमा कार्यान्वयन गर्न तथा गराउन नगरपालिका प्रतिवद्ध रहेको छ ।

(द) सार्वजनिक प्रशासनको कार्यसंस्कृतिमा सुधार ल्याई सुशासन कायम गर्न नगरपालिका क्रियाशिल छ । राजनीति र प्रशासनको क्षेत्राधिकार अनुसार राजनीतिले नीति, कानून, नियमहरु बनाउने, सोको अनुगमन र मूल्याङ्कन गर्ने, गलत गर्नेलाई दण्डित र राम्रो कार्य गर्नेलाई पुरुस्कृत गर्ने, पृष्ठपोषण दिने व्यवस्था मिलाउने र प्रशासनले राजनीतिले बनाएका नीति, कानून नियमहरुको आशय अनुसार कार्यान्वयन गर्ने, निष्पक्ष रुपमा परामर्श र सुझाव दिने र सरकारको सहयोगी निकायको रुपमा काम गर्ने मान्यतालाई दृढतापूर्वक कार्यान्वयन गर्न नगरपालिका प्रतिवद्ध छ ।

**अध्यक्ष महोदय,**

९. अब म यस नगरपालिकाको अर्थतन्त्रमा देखिएका मूलभूत चुनौतिहरु यस प्रकार उल्लेख गर्न चाहन्छु ।

(क) कोरोना रोगको विश्वव्यापी महामारीको कारण नेपाल पनि लकडाउनको अवस्थामा रहेको छ । लकडाउनको कारण महत्वपूर्ण विकास निर्माणका आयोजनाहरु अलपत्र पर्ने अवस्था सिर्जना भएको छ । आर्थिक गतिविधिहरु सङ्कुचित भएको अवस्था छ ।

(ख) संविधानसँग बाझिएका कानूनहरु संशोधन नहुँदा स्थानीय तहको एकल अधिकार सूचीभित्रका अधिकारहरु कार्यान्वयन गर्न कठिनाईको अवस्था सिर्जना भएको छ ।

(ग) सिमित बजेट तथा स्रोत साधनबाट असिमित माग र आवश्यकता पूर्ति गर्नुपर्ने बाध्यात्मक अवस्था छ । बजेट सिमितताको कारण जनताका अनगिन्ति आवश्यकता र आकांक्षा अपेक्षित ढङ्गले परिपूर्ति गर्न सकिएको छैन् ।

(घ) प्रदेश सरकारबाट कार्यान्वयन हुने आयोजनाहरु समेत आर्थिक वर्षको अन्त्यतिर नगरपालिकाबाट सम्पादन हुने गरी तोकिदा समयमै आयोजना सम्पन्न गर्न र आयोजनाहरुको गुणस्तरियता कायम गर्न चुनौतीपूर्ण छ ।

(ङ) नगरपालिकाका सबै स्थानहरुमा सूचना सञ्चारको भरपर्दो व्यवस्था गर्न सकिएको छैन् । वाह्रै महिना सवारी साधन चल्ने गरी सडक सञ्जाल विकास गर्न चुनौती देखिएको छ ।

(च) संघीय सरकार एवम् प्रदेश सरकारबाट राजश्व बाँडफाँड वापतको विनियोजित बजेट प्राप्त नहुँदा एवम् आन्तरिक राजश्व समेत लक्ष्य अनुसार सङ्कलन नहुँदा नगरपालिकाको कारोवार ऋणात्मक हुन सक्ने अवस्था सिर्जना भएको छ । कोरोना भाइरसको महामारीले राजश्व संकलन चिन्ताजनक अवस्थामा पुऱ्याई दिएको छ ।

(छ) आयोजनाहरुको अपूरो तयारी, कमजोर व्यवस्थापकीय क्षमता, उपभोक्ता समिति एवम् निर्माण व्यवसायीको कमजोर वित्तीय र प्राविधिक क्षमता, कानूनी, नीतिगत र प्रक्रियागत जटिलता, व्यवस्थित र योजनावद्ध योजना कार्यान्वयन कार्ययोजना नहुनु, औपचारिकतामा सिमित अनुगमन तथा मूल्यांकन प्रणालीजस्ता कारणहरुले आयोजनाहरु तोकिएको समय सिमाभित्र सम्पन्न हुन नसक्ने तथा आयोजना कार्यान्वयनमा संलग्न सरोकारवालाहरुको काम गर्ने उत्साहमा कमी, प्राविधिक ज्ञानको अभाव, नतिजा प्राप्ति प्रतिको उदासिनता र समग्र मानवीय क्षमताको कमीका कारण कार्यान्वयन क्षमता कमजोर हुने देखिन्छ । विनियोजनमा प्रभावकारिता ल्याई लक्ष्य बमोजिम कार्यसम्पादन तोकिएकै समयमा गर्नु चुनौतिपूर्ण छ ।

(ज) उत्पादनका साधनहरुमाथि उत्पादक शक्तिको पहुँच वृद्धि गरी सार्वजनिक, निजी र सहकारी क्षेत्रको लगानी सहकार्यबाट उत्पादकत्व र उत्पादन वृद्धि गर्नुपर्ने चुनौति छ । उचित बजार व्यवस्थापनका माध्यामबाट उत्पादनको आन्तरिक तथा बाह्य बजार सुनिश्चित गर्नु पनि चुनौतिपूर्ण नै रहेको छ । उद्यम र उद्यमशीलता प्रवर्द्धन हुन नसक्नु,

नगरपालिकाको पहिचान झल्कने एवम् आयातलाई प्रतिस्थापन गर्न सक्ने आफ्नै विशेषताको उत्पादन हालसम्म प्रवर्द्धन नहुनुजस्ता कारण हरेक हिसावले परनिर्भरता बढ्दै जानु चुनौतीपूर्ण छ।

(झ) सिमीत बैंक तथा वित्तीय संस्थाहरुको कारण सबै आर्थिक कारोवारहरुलाई औपचारिक दायरामा ल्याई आर्थिक कारोवारहरु बैंकिङ प्रणाली मार्फत् गर्ने, सबै नगरवासीको बैंक खाता खोल्ने अभियानलाई सार्थक बनाउनु चुनौतिपूर्ण छ ।

(ञ) निर्माण कार्यको सुक्ष्म सुपरिवेक्षण, निर्माण व्यवसायीहरुको कमजोर क्षमता र सघन अनुगमनको अभावमा निर्माण भएका संरचनाहरु छोटो समयमा नै जीर्ण र लथालिङ्ग हुने गरेका छन् । सार्वजनिक निर्माणको गुणस्तर कमजोर रहेको अवस्थामा यसमा सुधार गरी सार्वजनिक निर्माणको गुणस्तर वृद्धि गर्नुपर्ने, दोहोरो तेहेरो खर्च रोक्नुपर्ने कार्य चुनौतिपूर्ण छ । नगरपालिकाभित्र सञ्चालनमा रहेका आयोजनाहरुको प्रभावकारी अनुगमन, नियमन एवम् मूल्यांकन हुन नसक्दा निर्मित संरचनाको गुणस्तरियतामा प्रश्न चिन्ह खडा भएको छ । गुणस्तरहिन निर्माण कार्यले स्रोत साधनको दुरुपयोगलाई बढवा दिईरहेको सन्दर्भमा यसलाई रोकि निर्माण कार्यमा गुणस्तरियता सुनिश्चित गर्नु चुनौतिपूर्ण छ ।

(ट) कानूनको परिपालना, सेवा प्रवाहमा प्रभावकारिता, सुदृढ र सक्षम संस्थागत सुशासन कायम गरी सेवा प्रवाहमा प्रभावकारिता ल्याउने तथा व्यवसायिक कर्मचारीतन्त्र र सहयोगी समाजको निर्माण गर्ने कार्य चुनौतिपूर्ण छ ।

**अध्यक्ष महोदय,**

१०. विद्यमान अवसरहरुको सदुपयोग र चुनौतिहरुको सामना गर्ने गरी आगामी आर्थिक वर्षको बजेट तयार गरेको छु । यो बजेटका उद्देश्यहरु यसप्रकार छन् :-

(क) नगरपालिकालाई प्राप्त संवैधानिक अधिकारहरुको प्रभावकारी ढङ्गले कार्यान्वयन गर्न सक्ने आधारशिला तयार पार्ने,

(ख) कोरोना रोगको रोकथाम, नियन्त्रण र उपचारको लागि आवश्यक स्रोत सुनिश्चित गरी कोरोना भाइरस महामारीको कारण सिर्जित समस्या र चुनौतीहरुको सामना गर्न सक्ने आधार तयार गर्ने ।

(ग) आन्तरिक उत्पादन र खपतमा वृद्धि गरी आयात प्रतिस्थापन र निर्यात प्रवर्द्धन गर्दै दिगो, फराकिलो, समावेशी र उच्चदरको आर्थिक वृद्धि हासिल गर्ने,

(घ) आर्थिक, सामाजिक, पूर्वाधार विकासका संभावनाहरुको खोजी गरी कार्यान्वयनको उपयुक्त व्यवस्था मिलाउने,

(ङ) आर्थिक तथा सामाजिक असमानता र विभेदको अन्त्य गर्दै स्वस्थ, सफा, शान्त, सुशासनयुक्त र न्यापूर्ण प्रविधिमैत्री समृद्ध गाउँ शहरको निर्माण गर्ने,

(च) मानव अधिकारको संरक्षण र प्रवर्द्धन गर्दै गुणस्तरिय शिक्षा, स्वास्थ्य, रोजगारी, सामाजिक सुरक्षामा आम नागरिकको सहज र सरल पहुँच स्थापित गरी समतामूलक एवम् न्यायपूर्ण समाजको निर्माण गर्ने,

(छ) कृषिको व्यवसायिकरण, विविधिकरण, यान्त्रिकरण र आधूनिकरण गरी उत्पादन र उत्पादकत्वमा वृद्धि गर्ने,

(ज) रोजगारीका व्यापक अवसरहरु सिर्जना गर्ने गरी औद्योगिक विकास गर्ने एवम् सीपमूलक तथा व्यवसायिक तालिम सञ्चालन गरी बेरोजगारमुक्त नगरपालिका घोषणाको आधारहरु तयार पार्ने,

(झ) वातावरणमैत्री, लैंगिकमैत्री, बालमैत्री, अपांगमैत्री र प्राङ्गारिक नगरपालिकाको निर्माण गर्ने,

(ञ) भष्ट्रचारमुक्त, चुस्त र जनमुखी शासन व्यवस्था कायम गर्ने ।

**अध्यक्ष महोदय,**

११.	यी उद्देश्यहरु हासिल गर्नको लागि आगामी आर्थिक वर्षको बजेटका प्राथमिकताहरु देहाय बमोजिम निर्धारण गरेको छु :-

(क)	नगरपालिकालाई प्राप्त संवैधानिक एवम् कानूनी अधिकारको कार्यान्वयनको लागि कानूनी, नीतिगत एवम् संस्थागत संयन्त्रहरुको विकास,

(ख)	कोरोना भाइरस रोकथाम, नियन्त्रण र उपचारको भरपर्दो व्यवस्थाको लागि आवश्यक संयन्त्र निर्माण, औषधी उपकरण एवम् सुरक्षा सामग्रीहरुको व्यवस्था, जनशक्ति परिचालन, क्वारेन्टाइन तथा आइसोलेसन स्थापना, सञ्चालन तथा व्यवस्थापन, कोरोना भाइरस महामारीपछिको उत्थानशिल समाजको निर्माण,

(ग)	चरम गरिबीको न्यूनिकरण र पिछडिएका वर्ग, क्षेत्र, समुदायको शीघ्र उत्थान,

(घ)	गुणस्तरिय, जीवन उपयोगी र प्रविधिमैत्री आधारभूत तथा माध्यमिक शिक्षा, आधारभूत स्वास्थ्य तथा सरसफाई, रोजगारीका अवसरहरुमा वृद्धि, मानव संसाधन विकास,

(ङ)	उद्यम र उद्यमशिलताको विकास, कृषिको आधूनिकीकरण, व्यवसायिकरण र विविधिकरण गरी उत्पादन र उत्पादकत्व वृद्धि,

(च)	सार्वजनिक प्रशासन र सेवा प्रवाहमा सुधार,

(छ)	विपद् जोखिम न्यूनिकरण, जलउत्पन्न प्रकोप नियन्त्रण,

(ज)	लैंगिक समानता तथा सामाजिक समावेशीकरण, लक्षित समूह विकास कार्यक्रम,

## अध्यक्ष महोदय,

**१२.**	अब यिनै चुनौति, उद्देश्य र प्राथमिकताको सेरोफेरोमा रहेर तयार गरिएको आगामि आर्थिक वर्षको बजेट तथा कार्यक्रमहरु देहाय बमोजिम प्रस्तुत गर्दछु ।

## <u>कोरोना संक्रमण रोकथाम र स्वास्थ्य प्रणालीमा सुधार</u>

१३. कोरोना महामारी लगायतका संक्रामक तथा अन्य रोगबाट सिर्जना हुने स्वास्थ्य जोखिमको न्यूनिकरण गर्न रोगको रोकथाम, नियन्त्रण र उपचारको लागि गुणस्तरिय स्वास्थ्य सेवा पूर्वाधार विकास, औषधि एवम् उपकरण स्वास्थ्यकर्मीको सेवा विस्तार, क्षमता विकास तथा जनचेतनामूलक कार्यक्रम, कोभिड-१९ का कारण विद्यार्थी, गर्भवति महिला, जेष्ठ नागरिक, अपांगता भएका व्यक्ति, डिप्रेशनमा रहेका व्यक्ति तथा मनोसामाजिक परामर्श सेवा आवश्यक पर्ने व्यक्तिहरुलाई मनोपरामर्श सेवा उपलब्ध गराउने कार्यक्रम सञ्चालन गर्न आवश्यक बजेट विनियोजन गरेको छु । कोभिड- १९ को रोकथाम, नियन्त्रण र उपचारको लागि स्थानीय तहमा खटिने स्वास्थ्यकर्मी लगायतका जनशक्तिलाई स्वास्थ्य सुरक्षा सामग्री (मास्क, पञ्जा, सेनिटाइजर, पिपिई लगायत) हरुको अभाव नहुने गरी बजेट व्यवस्था गरेको छु । कोभिड-१९ संक्रमणको सम्भावित जोखिममा रहेका नागरिकहरुलाई क्वारेन्टाईनमा राख्ने व्यवस्था मिलाएको छु ।

१४. कोभिड- १९ को रोकथाम, नियन्त्रण र उपचारको लागि अवलम्बन गरिएको कदमको कारण दैनिक जनजीवनमा परेको प्रतिकूल प्रभावलाई सहज तुल्याउन तत्काल राहतका कार्यक्रमलाई संक्रमण जोखिम रहँदासम्म निरन्तरता दिईनेछ । अशक्त, असहाय एवं आर्थिक रुपले विपन्न गर्भवति महिला, जेष्ठ नागरिक एवं अपांगता भएका व्यक्तिहरुलाई राहतका कार्यक्रम सञ्चालन गर्ने गरी बजेटको व्यवस्था गरेको छु ।

१५. संघ तथा प्रदेश सरकारसँगको सहकार्यमा सञ्चालन हुने रोजगारीका कार्यक्रमको ज्याला बापत तथा कामका लागि खाद्यान्न कार्यक्रममा आवद्ध नहुने कोरोना प्रभावित असंगठित क्षेत्रका श्रमिकलाई न्यूनतम ज्यालाको एक चौथाई बराबरको खाद्यान्न राहत स्वरुप प्रदान गर्ने व्यवस्था गरेको छु ।

१६. चिकित्सक, स्वास्थ्यकर्मी, प्रयोगशाला, क्वारेन्टाइन, आइसोलेसन, हेल्थ हेल्प डेस्क तथा कोरोना भाइरस रोकथाम, नियन्त्रण र उपचारको लागि खटिने स्वयंसेवक तथा कर्मचारीका लागि व्यक्तिगत स्वास्थ्य सुरक्षा उपकरणको व्यवस्था सहित सेवामा उत्प्रेरित गर्न प्रोत्साहन भत्ताको व्यवस्था गरेको छु ।

१७. अस्पताल, प्राथमिक स्वास्थ्य सेवा केन्द्र, स्वास्थ्य चौकी तथा आधारभूत स्वास्थ्य सेवा केन्द्रबाट प्रदान गरिने खोप सेवा, सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य, पोषण लगायतका जनस्वास्थ्य सेवाहरु र उपचारात्मक सेवाको लागि आवश्यक औषधि उपकरण तथा स्वास्थ्य सामग्रीको लागि आवश्यक बजेट व्यवस्था गरेको छु ।

१८. खोप सुरक्षित मातृत्व प्रजनन स्वास्थ्य पोषणजस्ता जनस्वास्थ्यसँग सम्बन्धित आधारभूत सेवा सुविधालाई प्रभावकारी बनाउन महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई परिचालन गरिनेछ । यसको लागि आवश्यक बजेट व्यवस्था गरेको छु ।

१९. गुणस्तरिय आधारभूत स्वास्थ्य सेवामा सबै नागरिकको पहुँच सुनिश्चित गर्न नगर अस्पतालको भौतिक संरचना निर्माण कार्य सम्पन्न गरी संचालन

हुने व्यवस्था मिलाएको छु । निर्माणाधिन आधारभूत स्वास्थ्य सेवा केन्द्रका भवन लगायतका भौतिक संरचना यथाशीघ्र सम्पन्न गरी व्यवस्थित स्वास्थ्य सेवा उपलब्ध गराउन आवश्यक बजेट व्यवस्था गरेको छु ।

२०. स्वास्थ्य व्यवस्थापन सम्बन्धि सूचना प्रणालीलाई व्यवस्थित र प्रभावकारी बनाई स्वास्थ्य संस्थाहरुमा आवश्यक मेशिनरी औजार आपूर्तिको व्यवस्था गरेको छु । नगरपालिकाको स्वास्थ्य तथा सामाजिक विकास शाखामा विद्युतीय आपूर्ति व्यवस्थापन सूचना प्रणाली लागू गर्न बजेट व्यवस्था गरिएको छ ।

२१. एम्बुलेन्स सेवालाई चौविसैं घण्टा सुचारु गरिनेछ । **"रोग लागेर उपचार गर्नुभन्दा रोग नै लाग्न नदिनु उपयुक्त हुन्छ"** भन्ने मान्यता अनुसार व्यक्तिको व्यवहार र आचरणमा सुधार गर्न सचेतनामूलक कार्यक्रम संचालन गरिनेछ । नगरपालिका केन्द्रमा नागरिक आरोग्य कार्यक्रम अन्तर्गत **व्यायाम तथा योगा कक्षा सञ्चालन गर्न** आवश्यक बजेट व्यवस्था गरेको छु । निःशुल्क घुम्ति स्वास्थ्य शिविर सञ्चालन अभियानलाई चौरजहारी सामुदायिक अस्पतालसँगको सहकार्यमा प्रभावकारी बनाईनेछ ।

२२. कोरोना रोग रोकथाम, नियन्त्रण र उपचार गर्न, विपद् व्यवस्थापन सम्बन्धी कार्य गर्न **रु १ करोड** र स्वास्थ्य प्रणालीमा सुधार सम्बन्धी कार्यहरु गर्न **रु ४ करोड ७२ लाख** विनियोजन गरेको छु ।

## संविधान र दिगो विकास लक्ष्यहरुको कार्यान्वयन

२३. नेपालको संविधान र सोही संविधान अनुसार बनेका कानूनी व्यवस्थाहरुमा स्थानीय तहलाई प्राप्त अधिकारहरुको कार्यान्वयन गरी नगरपालिकाको संस्थागत क्षमता विकास गर्न कानून निर्माणको कार्यलाई थप

तीव्रता दिईनेछ । संविधानको मर्म विपरीत नहुने गरी नगरपालिकाको आवश्यकता र यहाँको परिवेश अनुसार कानूनहरुको निर्माण तथा परिमार्जन गरिनेछ । संघ तथा प्रदेश सरकारसँगको साझेदारीमा दिगो विकासका १७ वटा लक्ष्यहरु सन् २०३० सम्म प्राप्त हुने गरी बजेट कार्यान्वयन गरिनेछ ।

## संघीयता कार्यान्वयन

२४. गाउँ नगरमा सिंहदरवारको अनुभूति हुने गरी स्थानीय तहले सेवा प्रवाह र विकास निर्माणका कार्यहरु आफैं सञ्चालन गर्न सक्ने अवस्थाको सिर्जना गर्न संघ तथा प्रदेश सरकारले अन्तर स्थानीय तह वित्तिय हस्तान्तरण अन्तर्गत सःशर्त अनुदान, वित्तीय समानीकरण अनुदान, समपूरक अनुदान, विशेष अनुदान तथा राजश्व बाँडफाँट वापतको रकम प्रदान गरेको छ । साविकका विषयगत मन्त्रालयहरुबाट सम्पादन भईरहेका तर नेपालको संविधानको अनुसूची-८ मा व्यवस्था भएका अधिकांश कार्यहरु स्थानीय तहबाटै संचालन हुने गरी स्रोत उपलब्ध गराईएकोमा सोही अनुसार बजेट विनियोजन गरेको छु। खासगरी शिक्षा, स्वास्थ्य, कृषि, पशु सेवा, राष्ट्रिय ग्रामीण तथा नवीकरणीय उर्जा लगायतको कार्यक्रमको लागि संघीय सरकारबाट सशर्त अनुदान तर्फ **रू २२ करोड ५० लाख**, समपूरक अनुदान तर्फ **रु ६४ लाख**, विशेष अनुदान तर्फ **रु २ करोड** तथा कर्णाली प्रदेश सरकारबाट सशर्त अनुदान तर्फ **रु ५० लाख**, विशेष अनुदान तर्फ **रु ५० लाख** र समपूरक अनुदान तर्फ **रु १ करोड ७० लाख** प्राप्त भएको छ । सशर्त अनुदान, समपूरक अनुदान र विशेष अनुदान तर्फको बजेट सहित प्राप्त कार्यक्रमलाई अनुदानसाथ प्राप्त मार्गदर्शन र शर्त अनुसार कार्यान्वयन गर्ने व्यवस्था मिलाएको छु ।

## कृषि, पशुपालन, उत्पादन, रोजगारी, सहकारी तथा गरिबी निवारण

२५. कृषि उपज तथा कृषिजन्य उत्पादनमा आत्मनिर्भरताका लागि उद्यमशिलताको प्रवर्द्धन गर्न मल, बीउ, किटनाशक औषधिको उपलब्धता, उत्पादित वस्तुको भण्डारण तथा प्रशोधन र बजार व्यवस्थामा सहजिकरण गर्न र सिँचाई सुविधाको प्रवर्द्धन गर्न बजेट व्यवस्था गरेको छु ।

२६. कोभिड -१९ को प्रभाव बढ्दै गइरहेको सर्न्दभमा स्वास्थ्य, सुरक्षा, उपचार, व्यवस्थापन, उत्पादनका साथसाथै दैनिक जीवन सञ्चालनका लागि नीति तथा कार्यक्रममा उल्लेख भए अनुसार महिलाको नेतृत्वमा ७ देखि ११ घरपरिवार संलग्न रहेको **सहकार्य इकाई** (**Cooperation Unit**) निर्माण गरी परिचालन गर्ने व्यवस्था मिलाएको छु । संघ तथा प्रदेश सरकारसँगको साझेदारीमा नगरपालिकामा बनेका सहकार्य इकाईमा संगठित सबै घर परिवारलाई व्याजमा अनुदानको व्यवस्थापन सहित प्रतिपरिवार एक लाखसम्मको ऋण उपलब्ध गराई उत्पादन तथा कृषि कार्यमा लगानीको लागि आवश्यक बजेट व्यवस्था गरेको छु ।

२७. वडास्तरमा सरकारको काम र योजनालाई प्रभावकारी बनाउन सामाजिक नेतृत्व निर्माण गर्न **सामाजिक, सांस्कृतिक रुपान्तरण कार्य गर्ने गरी** महिलाहरुको बढि भन्दा बढि सहभागिता र नेतृत्वमा जोड दिदै गरिब, उत्पीडित, दलित, श्रमिक, सामाजिक अगुवा, बुद्धिजिबि, युवा लगायत सबैको सहभागितामुलक हुने गरी **सामाजिक रुपान्तरण तथा सुधार समिति र रोजगार, उत्पादन तथा विकास निर्माण समिति गठन गरी परिचालन गर्ने** व्यवस्था मिलाएको छु ।

२८. प्रधानमन्त्री रोजगार कार्यक्रम र मुख्यमन्त्री रोजगार कार्यक्रमसँग तादाम्यता मिल्ने गरी **नगर प्रमुख रोजगार कार्यक्रम** सञ्चालन गरी आम नगरवासीको आयस्तरमा वृद्धि हुने र स्वरोजगार सिर्जना हुने कार्यक्रमहरु संचालन गर्न आबश्यक बजेट व्यवस्था गरेको छु । नेपाल सरकारले अगाडी सारेको **"चिनौं आफ्नो माटो, बनाऔं आफ्नै देश"** अभियानलाई टेवा पुग्ने गरी "नगरमै

**रोजगार, गर्वको आधार"** अभियानलाई निरन्तरता दिई नगरका सम्पूर्ण बेरोजगार युवाहरुलाई रोजगार दिलाउन पहल गरिनेछ ।

२९. बाँझो तथा सार्वजनिक जमिनको पहिचान गरी भूमिहिन तथा श्रमिकहरुलाई सामुहिक खेति गर्ने व्यवस्था मिलाईएको छ । माटो, हावापानीको आधारमा सबै जमिनको उपयोग, जंगल तथा अन्य प्राकृतिक श्रोतहरुको समुचित प्रयोग र परिचालन गरी उत्पादन र रोजगारी बृद्धि गरिनेछ । दलित तथा महिलाहरुको समुह, सहकारी निर्माण गरी उत्पादन र रोजगार कार्यमा आवश्यक प्रविधि औजार लगायत अन्य सहयोग उपलब्ध गराईनेछ ।

३०. संघ तथा प्रदेश सरकारसँगको साझेदारीमा किसानको लागत मूल्य प्राप्तिको सुनिश्चितताको लागि कृषि तथा पशु विमा कार्यक्रमलाई प्रोत्साहित गर्न पहल गरिनेछ । स्थानीय तहभित्र रहेका बाँझो जग्गाहरुको एकीकृत तथ्याङ्क सङ्कलन गरी सोको पूर्ण उपयोगको व्यवस्था मिलाउन भूमि बैंकको अवधारणा कार्यान्वयन गर्न सहजिकरण गरिनेछ । यस्तो कार्यलाई प्रोत्साहन गर्न कर सहुलियतको व्यवस्था गर्न पहल गरिनेछ ।

३१. कृषि प्रणालीलाई वैज्ञानिक, व्यवसायिक र वातावरण तथा जलवायु परिवर्तन अनुकूलित बनाउँदै आर्थिक वृद्धिको दिगो आधार तयार गर्न कृषिमा आधारित उद्योग स्थापना र सञ्चालनमा जोड दिईनेछ । स्थानीय कच्चा पदार्थमा आधारित लघू तथा घरेलु उद्यमहरुको प्रवर्द्धन गर्न, सीपमूलक तालिमको व्यवस्था गर्न र उत्पादित वस्तुहरुको विक्रिको लागि सुनिश्चितता प्रदान गर्न सहयोग पुग्ने गरी कार्यक्रम तथा बजेट व्यवस्था गरेको छु ।

३२. पहिचान भएका कृषि पकेट क्षेत्रहरुमा पर्याप्त लगानी गरिनेछ । दूधमा आत्मनिर्भर हुने गरी भैसीपालन र फलफूल तथा तरकारी एवम् अन्नवालीमा आत्मनिर्भर हुने गरी सुन्तला, कागती, ओखर, किवी, केरा, आँपजस्ता फलफूल खेती र धान, गहुँ, मकै, कोदो, फापरजस्ता अन्नवालीहरुको व्यवसायिकरण हुने गरी खेती गर्न प्रोत्साहन गरिनेछ । **"किसान सरकार साझेदारी"** अवधारणा अनुसार ५० प्रतिशत अनुदानमा

फलफूलका विरुवा उपलब्ध गराउन आवश्यक बजेट व्यवस्था गरेको छु । बिरुवा नर्सरी उत्पादन केन्द्र, संकलन केन्द्र, शीतघरको प्रभावकारी व्यवस्था गरिनेछ । सामूहिक खेती तथा करार खेतीको अवधारणालाई मूर्तरुप दिन तत्काल यस सम्बन्धी योजना बनाईनेछ ।

३३. संघ तथा प्रदेश सरकार एवम् निजि क्षेत्रसँगको साझेदारीमा कृषिमा आधारित उद्योगहरुको प्रभावकारी सञ्चालन, व्यवस्थापन र उत्पादित वस्तुहरुको बजारीकरण गरी निर्यात प्रवर्द्धन गरिनेछ । कृषिमा आधारित उद्योग स्थापना र सञ्चालन गर्न ईच्छुक समूह वा सहकारीलाई लागतको आधारमा कूल लागतको ५० प्रतिशतसम्म अनुदान उपलब्ध हुने व्यवस्था मिलाईएको छ ।

३४. **"उत्पादन गर्ने काम कृषकको र कृषकले उत्पादन गरेको उपज संकलन, सञ्चय र विक्रि वितरण गर्ने काम सहकारीको"** भन्ने मान्यता कार्यान्वयन गर्न व्यवस्था मिलाईएको छ । उत्कृष्ट कार्य गर्ने कृषि फर्म वा किसानलाई एकमुष्ट अनुदान उपलब्ध गराईनेछ ।

३५. चौरजहारी नगरपालिकामा रहेको गरिबी न्यूनीकरण गर्न प्रदेश सरकार एवम् संघीय सरकारसँगको सहकार्यमा **"गरिबी विरुद्ध साझा अभियान"** अन्तर्गत विभिन्न कार्यक्रमहरू सञ्चालन गरिनेछ । गरिबी निवारण कोषद्धारा प्रवर्द्धित यस नगरपालिकाभित्र सामुदायिक संस्थाले परिचालन गरेको घुम्ती कोषलाई बीउ पुँजीको रुपमा उपयोग गरी स्थानीयस्तरमा आर्थिक गतिविधि गर्न यी संस्थाहरुलाई सहकारी प्रणालीमा रुपान्तरण गरिनेछ । यसबाट कृषि, लघु तथा साना उद्योग क्षेत्रमा थप रोजगारी सिर्जना गरिनेछ ।

३६. संघ तथा प्रदेश सरकारसँगको सहकार्यमा गरिबहरुको पहिचान गरी सबैको अनिवार्य निःशुल्क स्वास्थ्य विमा गरिनेछ । संघ तथा प्रदेश सरकारसँगको साझेदारीमा भुमिहिन, दलित तथा श्रममा मात्र आश्रित गरिब, उत्पीडित श्रमिकहरुलाई प्राथमिकता दिई सहकार्य युनिट, श्रम सहकारी, उत्पादन सहकारी र वित्तिय सहकारी मार्फत **"काम सहितको माम"** को

व्यवस्था गरेको छु । संघ तथा प्रदेश सरकारसँगको सहकार्यमा घर बास नभएका सबैलाई घर बासको व्यवस्था गरिनेछ ।

३७. **"समृद्ध नगरका लागि सहकारी अभियान"** अन्तर्गत सहकारीलाई समृद्ध नगरपालिका र समाजवाद निर्माणको प्रमुख आधार स्तम्भको रुपमा विकास गर्न र समाजवादको अभ्यास गर्ने गाउँको रुपमा प्रत्येक वडालाई केन्द्रित गरी सबै नगरवासीहरुको सहकारी संस्थामा शेयर कायम हुने गरी विषय क्षेत्रगत सहकारी संस्थाहरुको स्थापना र स्थापित सहकारी संस्थाहरुको क्षमता अभिवृद्धि एवम् शुद्धिकरण अभियान सञ्चालन गरिनेछ । **"गाउँ-गाउँमा सहकारी : घर-घरमा रोजगारी"** को नारालाई सार्थक तुल्याउन सहकारी मार्फत कृषिजन्य उद्योगको स्थापना गरी रोजगारी सिर्जना गरिनेछ । श्रम सहकारीलाई थप प्रभावकारी बनाई युवा जनशक्तिलाई श्रमसँग जोडि नगरको समृद्धि र विकासको लागि परिचालन गरिनेछ ।

३८. जनयुद्ध, जनआन्दोलन तथा अन्य संघर्षका क्रममा बलिदान गर्ने शहिदहरुप्रति उच्च सम्मान, परिवारहरुलाई विभिन्न सहकारी समुहमा संगठित गरी परिचालनका साथै घाइते अपाङ्गहरुलाई सहयोग गरिनेछ । शहिदहरुको सम्मानको लागि संघ तथा प्रदेश सरकारसँगको साझेदारीमा शहिद पार्क र शहिद गेट निर्माण गर्न सर्वे, डिजाइन र कार्य आरम्भ गर्न बजेट व्यवस्था गरेको छु ।

३९. दैनिक गुजारा गर्न नसक्ने विपन्न घरपरिवारलाई उपभोक्ता कार्ड उपलब्ध गराई नगरपालिका आफैले तथा सहकारी संस्था मार्फत सुपथ मूल्यका सहकारी पसल सञ्चालन गरी राहत उपलब्ध गराउने व्यवस्था गरेको छु । उपभोक्ता कार्ड प्राप्त गर्न योग्य दैनिक गुजारा गर्न नसक्ने कठिन अवस्थाका व्यक्तिहरुलाई सहकारी संस्थामा पहुँच स्थापित गर्न ती व्यक्तिहरुको नाममा सुपथ मूल्यको सहकारी पसल सञ्चालनको लागि अनुमति प्राप्त सहकारी संस्थामा संस्थागत शेयर कायम गरिनेछ । संस्थागत शेयर वापतको रकमलाई सहकारी संस्थाले बीउँ पुँजीको रुपमा ग्रहण गरी

सुपथ मूल्यको सहकारी पसल सञ्चालन गर्ने प्रयोजनार्थ मात्र प्रयोग गर्नुपर्ने व्यवस्था मिलाईएको छ ।

४०. युवा बेरोजगारीलाई सम्बोधन गर्न युवा लक्षित कार्यक्रम सञ्चालन गरिनेछ । दलित, महिला, द्वन्द्वपीडित, विपन्न तथा सीमान्तकृत समुदायको आत्मनिर्भरताको लागि लक्षित वर्ग आयआर्जन विशेष कार्यक्रम सञ्चालन गरिनेछ । सहकारी तथा गरीबी निवारणसँग सम्बन्धित कार्यको लागि आवश्यक बजेट विनियोजन गरेको छ ।

४१. कृषि, पशुपालन, उत्पादन, रोजगारी, सहकारी तथा गरिबी निवारण सम्बन्धी कार्य गर्न **रु २ करोड ४३ लाख ४० हजार** विनियोजन गरेको छ ।

## उद्योग, वाणिज्य तथा व्यापार

४२. स्थानीय कच्चा पदार्थमा आधारित लघू तथा घरेलु उद्योगहरुको प्रवर्द्धन गर्न र सीपमूलक तालिमको व्यवस्था गरी उत्पादित वस्तुहरुको सुनिश्चितता प्रदान गर्न सहयोग पुग्ने गरी कार्यक्रम तथा बजेट व्यवस्था गरेको छ । नगरपालिका क्षेत्रभित्र स्थापना हुने दाना उद्योग, जुस उद्योग, कापी उद्योग र गार्मेन्ट उद्योग एवम् स्थानीय स्रोत, साधन, सीप र कच्चा पदार्थमा आधारित लघु, घरेलु तथा साना उद्योगहरुलाई ऋण तथा अनुदानको व्यवस्था गरेको छ ।

४३. विदेशबाट फर्किएका तथा रोजगारीको खोजीमा रहेका व्यक्तिहरुमा रहेको सीपको विवरण समेत रोजगार सूचना केन्द्रमा अद्यावधिक गरी त्यस्तो जनशक्तिलाई स्थानीय तहभित्र उपलब्ध हुने निर्माण सेवा, व्यवसाय, उद्योग, कृषि लगायतका क्षेत्रका रोजगारदातासँग समन्वय गरी रोजगारी प्रदान गर्न सहजिकरण गरिनेछ ।

४४. उद्योग, वाणिज्य र व्यापार सम्बन्धी कार्य गर्न **रु १ करोड १३ लाख** विनियोजन गरेको छ ।

## पर्यटन पूर्वाधार

४५. पर्यटन क्षेत्रलाई राष्ट्रिय अर्थतन्त्र एवं यस नगरपालिकाको अर्थतन्त्रको प्रमुख आधारको रुपमा विकास गर्न प्राकृतिक, ऐतिहासिक, धार्मिक पर्यटन प्रवर्द्धनको लागि सुक्ष्म ढंगले अध्ययन गर्ने तथा सोको लागि आवश्यक पूर्वाधार विकासमा जोड दिने व्यवस्था गरेको छु । यस आर्थिक वर्षभित्र पर्यटन गुरुयोजना तयार गरी लागू गरिनेछ । वडा नं. ४ र ६ स्थित मालिका क्षेत्र, वडा नं. ६ र ९ स्थित वडिमालिका क्षेत्र, वडा नं. ६ स्थित चमेरे गुफा र भेरी नदीमा र्‍याफ्टिङ संचालन गर्न संघ तथा प्रदेश सरकारसँग साझेदारी गर्ने गरी बजेट व्यवस्था गरेको छु ।

४६. पर्यटकीय स्थलहरुको अध्ययन, पहिचान र प्रचारप्रसारको लागि आवश्यक बजेट व्यवस्था गरेको छु । पर्यटन पूर्वाधार निर्माण, प्रचारप्रसार र पर्यटक अनुकूल सेवा सुविधा विकासमा जोड दिईनेछ । पर्यावरणीय पर्यटन र वडा नं. ११ स्थित जहारीखोला नमूना कृषि सहकारी संस्थाको नाममा रहेको जग्गामा उक्त सहकारी संस्थासँगको सहकार्य र साझेदारीमा एग्रो टुरिज्मका लागि संभाव्यता अध्ययन, सर्वे, डिजाइन सहित विस्तृत परियोजना प्रतिवेदन तयार पारी कार्य आरम्भ गरिनेछ ।

४७. पर्यटन पूर्वाधार निर्माणको लागि **रु ३५ लाख** विनियोजन गरेको छु ।

## गुणस्तरिय, प्रविधिमैत्री र जीवन उपयोगी आधारभूत तथा माध्यमिक शिक्षा

४८. **शिक्षा क्षेत्रमा आमूल परिवर्तनको लागि शैक्षिक पुनर्जागरण अभियानलाई** वर्षैभरी प्रभावकारी ढङ्गले सञ्चालन गरी सामुदायिक विद्यालयहरुको विद्यमान अवस्थालाई थप मजवुद बनाउने व्यवस्था मिलाएको छु । शैक्षिक पुनर्जागरण अभियानमा **"अभिभावक शिक्षा तथा जागरण, कि गर कि मर्ज, विद्यालयहरुको भौतिक वातावरण सुधार, कार्य सम्पादन मूल्यांकनको आधारमा दण्ड र पुरुस्कार, विद्यालय, अभिभावक र नगरपालिकाबिच निरन्तर अन्तरक्रिया, प्रधानाध्यापक र शिक्षक कर्मचारी**

**आफ्नो जिम्मेवारीप्रति इमान्दार, कर्तव्यनिष्ठ, प्रतिवद्ध र उत्तरदायि बन्ने तथा बनाउने, विद्यालय पूर्ण सरसफाई उन्मुख घोषणा गर्ने"** लगायतका अभियानहरु सञ्चालन गरिनेछ ।

४९. बालबालिकाहरुलाई भावि समाजको समग्रमा नेतृत्व विकासका लागि आधार तयार पार्न प्रारम्भिक कक्षा देखि कक्षा ८ सम्म अनुशासन, नैतिकता, राष्ट्रियता, समानता, स्वयम्सेवी भावना, स्वावलम्बी, श्रमप्रतिको सम्मान, समाज विकासको प्रकृयाका साथ वैज्ञानिक दृष्टिकोण निर्माण सहितको बाटोमा अगाडि बढ्न प्रशिक्षित गर्न आवश्यक स्थानीय पाठ्यक्रम सहित अतिरिक्त कक्षा सञ्चालन गर्ने र गणित, विज्ञान, अंग्रेजी तथा अन्य प्राबिधिक विषयको अध्यापनलाई प्रदेशको अध्यापन केन्द्र मार्फत अध्ययन गराउन डिजिटल प्रणालीमा जोड्न पर्यत्न गरिनेछ ।

५०. जहारी क्याम्पस र शितल क्याम्पसको भौतिक संरचना निर्माण तथा शैक्षिक वातावरण सुदृढिकरणको लागि संघ तथा प्रदेश सरकारसँगको साझेदारीमा विशेष पहल गर्न बजेट व्यवस्था गरेको छु । जहारी क्याम्पस र शितल क्याम्पसलाई देशकै नमूना प्राज्ञिक शैक्षिक संस्थाको रुपमा विकास गर्न जोड दिईनेछ ।

५१. सामुदायिक विद्यालयमा अध्ययनरत कक्षा ५ सम्मका बिद्यार्थीहरुलाई विद्यालयमा टिकाई राख्न नेपाल सरकारले लागू गरेको दिवा खाजा कार्यक्रम प्रभावकारी र परिणाममुखी तुल्याउने व्यवस्था गरेको छु । नगरपालिकाभरका सबै सामुदायिक विद्यालयमा अध्ययनरत छात्रालाई निःशुल्क सेनेटरी प्याड उपलब्ध गराउने कार्यक्रमलाई फलदायि र उपयोगी बनाईनेछ ।

५२. निःशुल्क र अनिवार्य आधारभूत शिक्षा सम्बन्धी मौलिक हकको पूर्ण कार्यान्वयन गर्न, सामुदायिक विद्यालयप्रति बालबालिकाहरुको आकर्षण बढाउन एवम् सामुदायिक विद्यालयहरुको शैक्षिक गुणस्तर सुधार गर्न निःशुल्क पोशाक र स्टेशनरी सामग्री वितरणलाई निरन्तरता दिएको छु ।

५३. विद्यालयहरुको भौतिक संरचना सुधार योजना अन्तर्गत कच्ची तथा टिनको छानाले बनेका भवनहरु क्रमिक रुपमा विस्थापित गरी पक्की भवन

संरचना निर्माण गर्न आवश्यक बजेट व्यवस्था गरेको छु । सामुदायिक विद्यालयहरुमा प्रविधिमैत्री पठनपाठनको वातावरण सुनिश्चित गर्न भएका प्रयासहरुलाई निरन्तरता दिईनेछ । सबै विद्यालयहरुमा स्वच्छ खानेपानी र शौचालयको व्यवस्था गरिनेछ । खानेपानी, सरसफाई र स्वच्छता (WASH) योजना लागू गरी सबै विद्यालयहरुलाई पूर्ण सरसफाई उन्मूख विद्यालय घोषणा गर्न आवश्यक व्यवस्था गरेको छु ।

५४. विद्यालयहरुको नियमित अनुगमन, मूल्याङ्कन र पृष्ठपोषणको लागि आवश्यक बजेट विनियोजन गरेको छु । शैक्षिक शत्र, २०७७ देखि स्थानीय पाठ्यक्रम लागू हुने व्यवस्था मिलाएको छु । विद्यालयहरुको वर्गीकरण गरी एक आपसमा समायोजन हुने वा कक्षा तह घटाउने कार्यलाई निरन्तरता दिईनेछ । विद्यार्थी संख्याको आधारमा शिक्षक दरवन्दी मिलान गरी आवश्यकता भन्दा बढि रहेका दरवन्दी कटौती गरी बाँकी रहने नगर करार शिक्षकको लागि मात्र बजेटको व्यवस्था गरेको छु ।

५५. योग्य र क्षमतावान प्रशासकको रुपमा प्रधानाध्यापकलाई स्थापित गर्न स्वीकृत मापदण्ड र कानूनी व्यवस्था अनुसार प्रधानाध्यापकको नियुक्ति गरी निजसँग कार्य सम्पादन करार गरिनेछ । प्रधानाध्यापकहरुलाई कामप्रति जागरुक र आफ्नो पदीय कर्तव्य र अधिकारप्रति जिम्मेवार बनाई उत्प्रेरित गर्न प्रधानाध्यापकहरुलाई दिईने मासिक भत्तामा २०० प्रतिशतले वृद्धि गरेको छु ।

५६. विद्यालय बन्द रहेको अवस्थामा नेपाल सरकारले तोकेको मापदण्ड बमोजिम वैकल्पिक विधिहरुको प्रयोग गरी पठनपाठन सुचारु हुने व्यवस्था मिलाईनेछ । सामाजिक दूरी कायम गरी विद्यालय सञ्चालन गर्न नेपाल सरकारबाट निर्णय भएको अवस्थामा स्वास्थ्य सम्बन्धी मापदण्ड पालना गरी पठनपाठनलाई नियमित गर्न आवश्यक पर्ने पूर्वाधार निर्माण, खानेपानी, शौचालय तथा सरसफाईको प्रवन्ध गर्न आवश्यक व्यवस्था गरेको छु ।

५७. विपन्न वर्गका जेहेन्दार बालबालिकाहरुलाई उच्च शिक्षा अध्ययन गर्न छात्रवृत्ति तथा शैक्षिक ऋणको व्यवस्था गरेको छु । भर्ना अभियानलाई प्रभावकारी तुल्याई सामुदायिक विद्यालयहरुमा बालबालिका एवम्

अभिभावकहरुलाई आकर्षित गर्न गुणस्तरिय पठनपाठनका अतिरिक्त विशेष आकर्षणका कार्यक्रमहरु सञ्चालन गरिनेछ । विद्यालय सुधारको लागि सूचना प्रविधिको ब्यापक प्रयोग गरिनेछ । विद्यालयको प्रशासनिक सुधार तथा नियमनको लागि विद्युतीय शासनको अवधारणा कार्यान्वयनमा ल्याईनेछ ।

५८. उत्कृष्ट नतिजा हासिल गर्न सफल विद्यालय, उक्त विद्यालयमा कार्यरत उत्कृष्ट शिक्षक एवम् उत्कृष्ट विद्यार्थीहरुलाई सम्मान तथा पुरुस्कार र अपेक्षित नतिजा हासिल नगर्ने गैर जिम्मेवार एवम् कर्तव्यच्यूत शिक्षक कर्मचारीलाई दण्ड दिने व्यवस्थालाई थप प्रभावकारी बनाईनेछ । वार्षिक शैक्षिक क्यालेन्डर, वार्षिक कार्यतालिकाको निर्माण गरी शैक्षिक गतिविधिहरु संचालन गर्ने नीतिलाई निरन्तर रुपमा लागू गरिनेछ ।

५९. जोखिमको वहन गरिरहेका बालबालिकाहरुको उद्धार एवम् संरक्षणको लागि आपत्कालिन बाल उद्धार कोषको स्थापना गरी संचालन गर्ने व्यवस्था गरेको छु । विशेष क्षमता भएका बालबालिकाको लागि विशेष शिक्षा संचालनको लागि सहयोग गरिनेछ ।

६०. सामुदायिक विद्यालयमा बालबालिका **"ल्याऔं, सिकाऔं, टिकाऔं र विकाऔं"** भन्ने नारालाई साकार तुल्याउन भर्ना अभियान तथा प्रविधिमैत्री पठनपाठनलाई प्रभावकारी बनाईनेछ । बालबालिकाको मूल जग बालविकास केन्द्रहरुलाई प्रभावकारी ढङ्गले सञ्चालन गरिनेछ । बालविकास कार्यकर्ताहरुलाई कार्य सम्पादनको आधारमा मासिक रुपमा प्राप्त हुने पारिश्रमिकको शतप्रतिशतसम्म प्रोत्साहन दिन आवश्यक बजेट व्यवस्था गरेको छु ।

६१. गुणस्तरिय, प्रविधिमैत्री र जीवन उपयोगी आधारभूत तथा माध्यमिक शिक्षा सम्बन्धी कार्यको लागि **रु १८ करोड ७५** लाख विनियोजन गरेको छु ।

### खानेपानी र सरसफाई

६२. दिगो विकासका १७ लक्ष्यहरुमध्येको सफा पानी र पूर्ण सरसफाई सम्बन्धि लक्ष्य तोकिएको अवधिभित्र प्राप्त गर्न **वातावरणमैत्री घरका १० सूचकहरुको कार्यान्वयन, पूर्ण सरसफाईयुक्त वडा घोषणा, एक घर एक धारा, एक घर एक शौचालय, एक व्यक्ति एक रुख, सुधारिएको चूलो (वायोमास) को प्रयोग, घरबाट निस्कने फोहोर व्यवस्थापनको लागि एक घर एक खाल्डो** जस्ता कार्यक्रमलाई अभियानको रुपमा संचालन गरिनेछ । नगरपालिकालाई पूर्ण सरसफाई उन्मूख नगरपालिका घोषणाको लागि **खानेपानी, सरसफाई तथा स्वच्छता योजना (WASH Plan)** को प्रभावकारी कार्यान्वयन गरिनेछ ।

६३. जलाधार संरक्षणको लागि आवश्यक व्यवस्था मिलाईनेछ । वडाहरुमा मौसम अनुसार वृक्षारोपण गर्ने, महिनामा कम्तिमा दुई पटक सरसफाई अभियान संचालन गर्ने कार्यलाई प्रभावकारी ढङ्गले संचालन गरिनेछ । यस आर्थिक वर्षमा नमूना वडाको सूचक निर्धारण गरी सूचक पूरा गर्ने वडालाई नमूना वडा घोषणा गरिनेछ ।

६४. विपन्न र विपन्न दलित घरपरिवारको अवस्थालाई मनन गर्दै शौचालय निर्माण नगरेका र भएका शौचालय समेत जिर्ण भई प्रयोग गर्न नसकिने अवस्था भएका विपन्न घरपरिवारको शौचालय निर्माणको लागि आवश्यक सामग्रीहरुको निःशुल्क व्यवस्था गरिनेछ । विद्यालय, सार्वजनिक स्थल एवम् सरकारी कार्यालयहरुमा अपांगमैत्री, बालमैत्री सार्वजनिक शौचालय निर्माणमा ध्यान दिईनेछ ।

६५. खानेपानी तथा सरसफाई सम्बन्धी कार्यको लागि **रु ५ करोड ९५ लाख ४० हजार** विनियोजन गरेको छु ।

## संस्कृति प्रवर्द्धन

६६. नगरपालिकाभित्र मौलिक संस्कृतिको रुपमा रहेका विभिन्न पूराना नाच, बाजागाजा, मठमन्दिर, चर्च, कला, साहित्यजस्ता क्षेत्रको संरक्षण तथा विकास गरिनेछ । नगरपालिकाभित्र मौलिक संस्कृति र कला साहित्यको विकास

गर्न साहित्यिक रेडियो कार्यक्रम सञ्चालन गरिनेछ । नगरपालिकामा साँस्कृतिक सम्मेलन आयोजना गरी साँस्कृतिक तथा धार्मिक पर्यटन प्रवर्द्धन गरिनेछ ।

६७. स्थानिय कला, साहित्य, संस्कृतिको विकास प्रबर्द्धन, लोक संस्कृति र त्यस क्षेत्रमा संलग्न व्यक्तिहरुको क्षमता विकास र रक्षा गर्न संगठित गर्दै परिचालन गर्न आवश्यक सहयोग गरिनेछ ।

## युवा, खेलकूद तथा मनोरञ्जन

६८. **"स्वास्थ्यको लागि खेलकूद, राष्ट्रको लागि खेलकूद"** भन्ने नारा अनुरुप खेलकूदप्रति आम नागरिकलाई आकर्षित गर्न, खेल क्षेत्रको विकास तथा प्रवर्द्धन मार्फत प्रतिभावान खेलाडी तयार गरी राष्ट्रियस्तरमै नगरको पहिचान स्थापित गराउन बजेट व्यवस्था गरेको छु । नगर प्रमुख कप, राष्ट्रपति रनिङ शिल्डलाई थप व्यवस्थित तरिकाले सञ्चालन गरिनेछ ।

६९. युवा शक्तिलाई उद्यमशिलता, स्वरोजगार र आय आर्जनमा केन्द्रित गर्न तत्काल छोटो अवधीको सीपमूलक एवम् व्यवसायिक तालिम दिइनेछ । युवाहरुलाई उत्पादनका क्षेत्रमा समर्पित गराई समृद्धिको रेखा कोर्नको लागि उत्पादन श्रमिक कार्यदल वा श्रम सहकारी बनाई परिचालन गरिनेछ । **"श्रम नै समृद्धिको ढोका हो"** भन्ने भावनाको विकास गराई आयआर्जन उद्यमशिलताजस्ता उत्पादनशिल क्षेत्रमा युवाहरुको श्रम र सीपलाई जोडिनेछ ।

७०. नगर प्रहरीको गठन गरी उत्पादनशिल तथा विकास निर्माणका कार्यहरुमा समेत प्रभावकारी ढङ्गले परिचालन गरिनेछ । सामाजिक विकृति र विसङ्गतिजन्य क्रियाकलापहरुको अन्त्य गर्न नगर प्रहरीलाई कार्ययोजना बनाई परिचालन गरिनेछ । युवाहरुलाई प्राबिधिक तालिम, स्वयम्सेवक, नगर प्रहरी, श्रम सहकारी, खोज अनुसन्धान कार्य, कला तथा साहित्य, खेलकुद, शैक्षिक क्षेत्र आदि मार्फत संगठित गरी परिचालन गरिनेछ ।

७१. युवा, खेलकूद तथा मनोरञ्जन सम्बन्धी कार्य गर्न **रु २३ लाख** विनियोजन गरेको छु ।

## लैंगिक समानता र सामाजिक समावेशीकरण

७२. लैंगिक समानता, महिला सशक्तीकरण, लैंगिक मुलप्रवाहीकरण र महिला सहभागिता वृद्धि गर्न प्रोत्साहित गरिएको छ । संचालित आयोजना तथा कार्यक्रममा कम्तिमा ३३ प्रतिशत महिला र कम्तिमा १० प्रतिशत अपांग वा अल्पसंख्यक वा दलित समुदायको सहभागिता सुनिश्चित गरिनेछ । लघु उद्यम, सिप विकास र आयआर्जन सम्बन्धि कार्यक्रमहरुमा लक्षित वर्ग, क्षेत्र, समुदायको सहभागितालाई पहिलो प्राथमिकतामा राखिनेछ । जुनसुकै किसीमका महिला हिंसा विरुद्ध कठोर कदम चालिनेछ । महिला हिंसाको प्रमुख कारणको रुपमा रहेका बाल विवाह, बहुविवाह, मदिराजन्य पदार्थ सेवनमा पूर्ण प्रतिवन्ध लगाई लैङ्गिक हिंसा उन्मूलन गरी हिंसारहित नगरपालिका घोषणा गरिनेछ ।

७३. अशिक्षा, अभाव, अन्धविश्वास र पछ्यौटेपन हटाउन विशेष अभियानात्मक कार्यक्रम संचालन गरिनेछ । असल सामाजिक मूल्य मान्यताको संरक्षण एवम् प्रवर्द्धन गरिनेछ । बाल विवाह गर्ने तथा गराउने दुबैलाई कानूनको कठघरामा उभ्याईनेछ । समाजको विकासको बाधकको रुपमा रहेका बालविवाह, बहुविवाह, दाइजो प्रथा, बोक्सी प्रथा, छुवाछुत एवम् अन्य सामाजिक कुरिती तथा कुसंस्कारको उन्मूलन गर्न विशेष सचेतनामूलक कार्यक्रम संचालन गरिनेछ ।

७४. लक्षित वर्ग, क्षेत्र एवम् समुदाय केन्द्रित व्यवसायिक एवम् सीपमूलक तालिमहरु सञ्चालन गरी त्यस्ता वर्गको सशक्तिकरण गर्ने नीति अवलम्बन गरिनेछ । राज्य व्यवस्था परिवर्तनको लागि भएका युद्ध र आन्दोलनका सहिद परिवार तथा घाईते योद्धाहरुको सम्मान, संरक्षण र आर्थिक मूल प्रवाहिकरणमा समाहित गरिनेछ ।

७५. टुहुरा, अनाथ एवं संरक्षणविहिन बालबालिकालाई बैकल्पिक संरक्षणका लागि उचित व्यवस्थापन गरिनेछ । अनाथ तथा जोखिमयुक्त बालबालिकाका लागि सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन गरिनेछ ।

७६. जेष्ठ नागरिक आफ्नै सन्तानबाट अपहेलित, घृणित व्यवहारले जोखिममा रहेको हुदाँ समाजमा जेष्ठ नागरिकलाई सम्मानपूर्वक वातावरणमा जिउने अवस्था सुनिश्चित गर्न पर्यत्न गरिनेछ । जेष्ठ नागरिकलाई संरक्षण नगर्ने दुर्व्यवहार गर्ने सन्तान वा व्यक्तिलाई कानुन अनुसार दण्डित गरिनेछ ।

७७. अपांगता भएका व्यक्तिलाई सीपमूलक एवम् व्यवसायिक तालिम प्रदान गरी तत्काल रोजगारीमा समाहित हुन पहल गरिनेछ । अपांगता परिचयपत्र वितरणलाई थप प्रभावकारी, वस्तुपरक र व्यवस्थित गरिनेछ ।

७८. लैंगिक समानता र सामाजिक समावेशीकरण सम्बन्धित कार्यहरु गर्न **रु ५५ लाख ५० हजार** विनियोजन गरेको छु ।

## स्थानीय सडक, झोलुङ्गे पुल, मोटरेवल पुल

७९. नगर सडक गुरुयोजना निर्माण गरी लागु गरिनेछ । गुरुयोजना भन्दा बाहिर र वातावरणीय प्रभाव मुल्यांकण नगराई जथाभावी सडक बनाउने कार्यलाई पूर्ण रुपमा बन्द गरिनेछ । संघ तथा प्रदेश सरकारसँगको साझेदारीमा सञ्चालनरत सडकहरुलाई दिगो रुपमा सञ्चालन हुने किसिमले स्तरोन्नति गरी बाह्रै महिना सुचारु हुने व्यवस्था गरिनेछ । वर्षाको कारण सडकहरु अवरुद्ध भई आवागमनमा बाधा उत्पन्न हुन नदिन सडक मर्मत संभारको लागि आवश्यक बजेट व्यवस्था गरेको छु ।

८०. सार्वजनिक यातायात सञ्चालन सम्बन्धि गुरुयोजना तयार गरी लागू गरिनेछ । नगरभित्रका स्थानीय रुटमा सञ्चालन हुने सवारी साधनहरुको वैज्ञानिक भाडादर तय गरी लागू गरिनेछ ।

८१. नगरपालिका केन्द्रदेखि जिल्ला सदरमुकाम जोड्ने सडक, नगरपालिका केन्द्रदेखि वडा कार्यालयहरुका केन्द्र जोड्ने सडक, कृषि तथा पर्यटकीय दृष्टिकोणले महत्वपूर्ण सडकहरुको स्तरोन्नति र पिच गर्न संघ तथा प्रदेश सरकारसँग पहल गरिनेछ ।

८२. स्थानीय सडक, झोलुङ्गे पुल, मोटरेवल पुल निर्माण सम्बन्धी कार्यहरु गर्न **रु १ करोड ८ लाख** विनियोजन गरेको छु ।

## जलस्रोत तथा सिंचाई

८३. कृषिको प्रमुख आधार सिंचाई भएकोले सिंचाई आयोजना संचालनको लागि जनसंख्या र भौगोलिक अवस्था तथा आवश्यकताको आधारमा बजेट विनियोजन गरिनेछ । विस्तृत परियोजना तयार भईसकेका महत्वपूर्ण सिँचाई आयोजना लगायतका अन्य सिँचाई आयोजनाहरु संघ तथा प्रदेश सरकार समेतको साझेदारी र सहयोगमा निर्माण गरिनेछ । चौरजहारी उपत्यकामा सिँचाईको भरपर्दो व्यवस्था गरी जग्गाको उत्पादनशील उपयोग गर्न एवम् कृषिको उत्पादन र उत्पादकत्व वृद्धि गर्न भेरी नदिबाट लिफ्ट गर्ने गरी चौरजहारी लिफ्ट सिँचाई आयोजनालाई संघ तथा प्रदेश सरकारसँगको सहकार्यमा नगरपालिकाको गौरवको सिँचाई योजनाको रुपमा विकास गरिनेछ ।

८४. नगरपालिकाभित्रका महत्वपूर्ण सिँचाई योजनाहरुको पहिचान गरी ती सबै योजनाहरुको सर्वे, डिजाइन, इस्टिमेट सहितको विस्तृत परियोजना प्रतिवेदन तयार पारी कार्यान्वयनको लागि संघ तथा प्रदेश सरकार समेतको सहयोगमा पहल गरिनेछ ।

८५. संघीय तथा प्रदेश सरकारसँगको साझेदारी र समन्वयमा **"उज्यालो नगर अभियान"** लाई प्रभावकारी ढङ्गले कार्यान्वयनमा ल्याईनेछ । सबै वडा, गाउँ तथा वस्तिहरुमा राष्ट्रिय विद्युत प्रसारण लाईन विस्तार गरी **अध्याँरोमुक्त उज्यालोयुक्त** नगरपालिका घोषणा गर्न अधिकतम प्रयत्न गरिनेछ ।

८६. वैकल्पिक उर्जा प्रवर्द्धन गर्न एवम् अध्याँरोमा जीवनयापन गर्न बाध्य घरपरिवारलाई संकलित लगतको आधारमा अनुदानमा सोलार उपलब्ध गराउन वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्रसँग पहल गरिनेछ । यसको लागि **"उज्यालो गाउँघर अभियान"** सञ्चालन गरिनेछ । दूर्गम ठाउँहरुमा कुटानी पिसानी मिल निर्माणको लागि वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्रसँग समन्वय र साझेदारी गरिनेछ ।

८७. जलस्रोत तथा सिँचाई सम्बन्धी कार्यहरु गर्न **रु २२ लाख** विनियोजन गरेको छु ।

## भवन तथा शहरी विकास

८८. नयाँ शहर आयोजनासँगको सहकार्यमा दिगो गाउँ शहर निर्माणको लागि भवन तथा शहरी विकास गुरुयोजना तयार गरी लागू गरिनेछ । **"स्वस्थ, सफा, शान्त, सुशासनयुक्त, न्यायपूर्ण र समृद्ध"** नगरको निर्माणको लागि नयाँ शहर आयोजनासँग सहकार्य गरिनेछ । प्राकृतिक स्रोत, ऐतिहासिक, सामाजिक, सांस्कृतिक पहिचान र आर्थिक सामर्थ्यको आधारमा गतिशील गाउँ शहर निर्माण कार्यलाई व्यवस्थित गरिनेछ । यसको लागि शहरी विकास तथा  भवन निर्माण सम्बन्धि मापदण्ड एवम् संहिताको पूर्ण कार्यान्वयन गरिनेछ । गाउँ क्षेत्रमा निर्माण हुने कच्ची घरहरुलाई समेत भुकम्प प्रतिरोधि बनाउन न्युनतम मापदण्डको निर्माण गरी लागु गरिनेछ । संरचना निर्माण गर्नु पूर्व नक्सा पास गर्नुपर्ने कानूनी प्रावधानलाई कडाईका साथ कार्यान्वयन गरिनेछ ।

८९. आवासविहिन आर्थिक रुपमा विपन्न, लोपोन्मुख समुदाय र दलित जनताको लागि नेपाल सरकार तथा प्रदेश सरकारले संचालन गरेको **"जनता आवास कार्यक्रम"** लाई व्यवस्थित र फलदायि तुल्याउन संघ तथा प्रदेश सरकारसँग आवश्यक समन्वय गरिनेछ । वास्तविक अर्थमा नगरपालिका हुनको लागि आवश्यक न्यूनतम शहरी पूर्वाधार विकासको कार्यलाई यस वर्ष

पनि तिव्रता दिईनेछ । रंगशालाको निर्माण, सुविधा सम्पन्न एवम् व्यवस्थित बसपार्कको निर्माण, ल्यान्डफिल साइडको निर्माण, चौरजहारी बजार क्षेत्रमा व्यवस्थित ढल व्यवस्थापन, पर्याप्त खुला क्षेत्र, पोखरी, ताल एवम् मनोरञ्जन स्थलहरुको निर्माण कार्यलाई विशेष जोड दिईनेछ । यी कार्यहरु संचालनको लागि नयाँ शहर आयोजनासँग सहकार्य गरिनेछ ।

९०. भवन तथा शहरी विकाससँग सम्बन्धित कार्यहरु गर्न **रु ३४ लाख** विनियोजन गरेको छु ।

## सञ्चार

९१. सूचना तथा सञ्चार प्रविधिको क्षेत्रमा पछाडी परेका वडा तथा वस्तिहरुलाई सूचना प्रविधिको पहुँचमा पुऱ्याउन विशेष पहल गरिनेछ । आम सञ्चार माध्यममा महिला, दलित, आदिवासी जनजाती, अपाङ्ग, सीमान्तकृत समुदाय र पछाडी परेका वर्ग, क्षेत्र र समुदायको प्रतिनिधित्व बढाउन लक्षित कार्यक्रमहरु संचालन गरिनेछ । नगरपालिका क्षेत्रभित्र भईरहेका विभिन्न गतिविधिहरु आम जनतालाई जानकारी गराउन एफ.एम. लगायतका सञ्चार माध्यमसँग समन्वय र साझेदारी गरिनेछ । यसको लागि आवश्यक बजेट व्यवस्था गरेको छु ।

## वन तथा भू-संरक्षण

९२. सामुदायिक वन विकास कार्यक्रम, नाङ्गा डाडाँहरुमा वृक्षारोपण, एक व्यक्ति एक रुख अभियान, डालेघाँस रोप्ने कार्यलाई अभियानको रुपमा सञ्चालन गरिनेछ । जनप्रतिनिधिहरुको लागि **"एक लोकप्रिय मत बराबर एक रुख"** रोप्ने अभियान सञ्चालन गरिनेछ ।

## जलाधार संरक्षण

९३. यस नगरपालिकाभित्र रहेका मुहानहरुको संरक्षणको लागि प्रत्येक वडामा मुहान संरक्षणको अभियान संचालन गरिनेछ । मुहान वरीपरी रुख

रोप्ने कार्यलाई कडाईका साथ लागू गरिनेछ । महत्वपूर्ण नदी, खोला, ताल, सिमसार क्षेत्रको पहिचान र संरक्षणमा विशेष जोड दिईनेछ ।

## वातावरण संरक्षण, जलवायु परिवर्तन

९४. वातावरण संरक्षणमा जोड दिई जलवायु परिवर्तनका असर र प्रभावलाई न्यूनिकरण गर्न जलवायु परिवर्तनका कारक तत्वहरुको पहिचान गरी ती तत्वहरुको न्यूनिकरणको लागि आवश्यक कार्यक्रम तर्जुमा गरी संचालनमा ल्याईनेछ ।

## फोहोरमैला तथा ढल व्यवस्थापन

९५. फोहोरलाई मोहरमा रुपान्तरण गर्न आवश्यक योजना निर्माण गरिनेछ । नगरपालिकाको उपयुक्त स्थानमा नयाँ शहर आयोजनासँगको सहकार्यमा एक व्यवस्थित र अत्याधूनिक ल्यान्डफिल साइटको निर्माण गर्न पहल गरिनेछ । एक वडा एक डम्पिङ साइटको अवधारणा अनुसार सम्बन्धित वडाको फोहरमैलाको विसर्जन तथा व्यवस्थापन सम्बन्धित वडाको डम्पिङ साइटमै गर्ने गरी व्यवस्था गरिनेछ ।

९६. **"प्रदूषकले तिर्नु पर्दछ"** अर्थात् **"Polluter Pay Principle"** अनुसार जथाभावि फोहोर फाल्ने, सरसफाई तथा फोहोरमैला व्यवस्थापन सम्बन्धी नीति, निर्णय र मापदण्डहरुको पालना नगर्ने व्यक्तिहरुलाई दण्डित गरिनेछ ।

## जलउत्पन्न प्रकोप नियन्त्रण

९७. जलउत्पन्न प्रकोप नियन्त्रणको लागि जोखिमयुक्त स्थानहरुको पहिचान गरी तटबन्धनका लागि तारजालीको व्यवस्था गरिनेछ । नगरपालिकाभित्र संभावित जल उत्पन्न प्रकोपहरुको पहिचान गरी प्रकोप नियन्त्रणको लागि संघ तथा प्रदेश सरकारसँग समन्वय र साझेदारी गरिनेछ । जहारीखोला तथा सेतीगाडखोला लगायत अन्य खोलाहरुको कटानबाट खेतीयोग्य भूमी

तथा बस्तीहरु सुरक्षित तुल्याउन वृहत तटवन्धन आयोजना निर्माण गरी कार्यान्वयन गर्न आवश्यक बजेट व्यवस्था गरेको छु ।

## विपद् व्यवस्थापन

९८. विपद् पूर्व तयारी, विपद् जोखिम न्यूनिकरणको लागि विपद् पूर्व गर्नुपर्ने कार्यहरु, विपद्को अवस्थामा र विपद्पछिको अवस्थामा गर्नुपर्ने पुनःनिर्माण तथा पुनःस्थापनाका कार्यहरुको बारेमा जानकारी गराउन प्रत्येक वडामा चेतनामूलक कार्यक्रमहरु संचालन गर्ने व्यवस्था मिलाएको छु । प्रत्येक वडामा गठित विपद् जोखिम न्यूनिकरण समितिलाई कार्यात्मक र प्रभावकारी बनाईनेछ । विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना निर्माण र स्थानीय विपद् तथा जलवायु परिवर्तन उत्थानशिल योजना निर्माण गरी कार्यान्वयन गरिनेछ ।

९९. कोभिड-१९ बाहेकका विपद्हरुको रोकथाम तथा न्यूनिकरणको लागि पूर्वतयारी, प्रतिकार्य र पुनर्लाभिका कार्यक्रम सञ्चालन गर्न प्रकोप व्यवस्थापन कोषमा आवश्यक बजेट व्यवस्था गरेको छु ।

## संस्थागत विकास, सेवा प्रवाह र सुशासन

१००. सार्वजनिक प्रशासनलाई स्वच्छ, सक्षम, निष्पक्ष, पेशागत अनुशासनप्रति प्रतिवद्ध, पारदर्शी, भ्रष्टाचारमुक्त, प्रविधियुक्त, जनउत्तरदायी र सहभागितामूलक बनाउँदै लगिनेछ । भ्रष्टाचार गर्ने र गराउने दुवैलाई दण्डित गरिनेछ । **"घुस लिने र दिने दुबै देशका शत्रु हुन् । समृद्धि र विकासका वाधक हुन् । सदाचार र नैतिकताका कलंक हुन् ।"** भन्ने मान्यता अनुसार भ्रष्टाचारजन्य कार्यहरुका विरुद्ध कठोर कदम चालिनेछ । **"म भ्रष्टाचार गर्दिन र भ्रष्टाचार हुन पनि दिन्न"** भन्ने भनाईलाई व्यवहारमै कार्यान्वयन गरिनेछ । नगरपालिका तथा प्रत्येक वडामा सूचना तथा तथ्यांक व्यवस्थापनको लागि सूचना तथा अभिलेख व्यवस्थापन केन्द्रलाई सुदृढ गरिनेछ । वडा कार्यालयबाट हुने गरेका सार्वजनिक सेवाप्रवाह तथा विकास निर्माण सम्बन्धि

कार्यको मासिक रुपमा प्रगति प्रतिवेदन पेश गर्ने व्यवस्थालाई कडाईका साथ कार्यान्वयनमा ल्याईनेछ ।

१०१. सार्वजनिक सुनुवाई, सामाजिक परिक्षण, सार्वजनिक परिक्षण, व्यवस्थापन परिक्षण, गुनासो व्यवस्थापनमा उपयुक्त विधि निर्माण गरी कार्यान्वयनमा ल्याईनेछ । **जनतासँग अन्तरक्रिया** कार्यक्रमलाई निरन्तर रुपमा कार्यतालिका बनाई कार्यान्वयन गरिनेछ । प्रत्येक तीन महिनामा सार्वजनिक निकायले गरेका कार्यहरु सार्वजनिक गर्नुपर्ने प्रावधानलाई कडाईकासाथ कार्यान्वयन गरिनेछ ।

१०२. कार्य सम्पादन मूल्यांकनको आधारमा कार्य सम्पादनस्तर राम्रो भएका नगरपालिकाको स्वीकृत सङ्गठन संरचना र दरवन्दी विवरण अनुसारका करार कर्मचारीहरुको करार अवधि थप गरिनेछ । ***व्यवस्थापन तथा संगठन (O & M Survey)*** प्रक्षेपणको आधारमा नगर कार्यपालिकाले प्रचलित कानून बमोजिम जनशक्ति र संगठन संरचना थपघट गर्न सक्नेछ । संगठन संरचना र दरवन्दी विपरितका शिक्षक तथा कर्मचारीहरु कटौती गरी चुस्त दुरुस्त संगठन निर्माणमा जोड दिईएको छ ।

१०३. नगरपालिकाको संस्थागत विकास र सुशासन कायम गर्न राज्यको चौथो अंगको रुपमा रहेको सञ्चार जगतलाई भरपूर उपयोग गरिनेछ । सञ्चार माध्यम, पत्रकार तथा पेशाकर्मीहरुको कार्य सम्पादन मूल्यांकन गरी पुरुस्कृत गरिनेछ ।

१०४. नगरपालिकाको कार्यालय, वडा कार्यालय तथा विषयगत शाखा वा इकाईको सेवा प्रवाहलाई सम्भव भएसम्म सूचना प्रविधिमैत्री बनाउन आवश्यक बजेट व्यवस्था गरेको छु ।

१०५. सेवा प्रवाहको लागि आवश्यक पर्ने न्यूनतम प्रशासनिक खर्चको लागि बजेट विनियोजन गरी प्रशासनिक संरचना र कार्यलाई मितव्ययी बनाउन अनुत्पादक खर्चहरु कटौती गरिएको छ । राजश्व संकलनमा आउने संकुचन

र सार्वजनिक खर्चमा पर्ने थप चापलाई व्यवस्थापन गर्न आगामी वर्ष प्रशासनिक खर्चमा मितव्ययिता अपनाइनेछ । कार्यालय सञ्चालन, इन्धन, मर्मत, सहज अवस्था आएपछि हुने आन्तरिक तथा वैदेशिक भ्रमण, कम प्राथमिकताका गोष्ठी, सेमिनार, परामर्श, सहायता, भैपरी खर्च, फर्निचर, सवारी साधन खरिद तथा मर्मत खर्चमा उल्लेख्य बजेट कटौती गरेको छु । कोरोना रोगको रोकथामको सन्दर्भमा पहिलो पंक्तिमा रहेर काम गर्ने चिकित्सक तथा स्वास्थ्यकर्मी, सुरक्षाकर्मी लगायतका राष्ट्रसेवक बाहेक अरुलाई प्रदान हुने प्रोत्साहन भत्ता, अतिरिक्त समय भत्ता, बैठक भत्ता, खाजा तथा खाना खर्च, जोखिम भत्ता लगायतका सबै प्रकारका अन्य भत्ता २०७७ साउन १ गतेदेखि खारेज गरेको छु । सार्वजनिक खर्चमा मितव्ययीता सम्बन्धमा संघ तथा प्रदेश सरकारबाट जारी निर्देशिकाहरुको समेत अनुसरण गरिनेछ ।

१०६. कोभिड -१९ को कारण उत्पन्न असहज परिस्थितिको सामना गर्न तत्कालिन आवश्यकता पहिचान ढाँचाबाट प्राथमिकतामा परेका क्रियाकलापहरु कार्यान्वयन गर्न निजि क्षेत्र, स्थानीय तहमा कार्यरत गैरसरकारी संस्था, सहकारी संस्था तथा स्थानीय सामुदायिक संस्थाहरुलाई परिपूरक भूमिकामा परिचालन गरिनेछ । मानव विकास तथा सामुदायिक सेवा चौरजहारी अस्पताल रुकुम (पश्चिम) लगायतका गैर सरकारी संघ संस्थाहरुसँग साझेदारी र सहकार्य गरी आर्थिक, सामाजिक र पूर्वाधार विकासका क्षेत्रहरु तथा परोपकारी कार्यहरुमा लगानी गर्न ती संस्थाहरुलाई प्रोत्साहित गरिनेछ ।

१०७. नगरपालिकाको प्रशासकीय भवन निर्माणको लागि आवश्यक जग्गा प्राप्ति भईसकेको सन्दर्भमा नयाँ शहर आयोजनासँगको सहकार्य र साझेदारीमा आगामी आर्थिक वर्षमा भवन निर्माणको प्रक्रिया प्रारम्भ गरिनेछ । जग्गा प्राप्ति भईसकेका वडाहरुको समेत प्रशासकीय भवन निर्माण गर्न संघ तथा प्रदेश सरकार समक्ष पहल गरिनेछ ।

१०८. ठेक्का आह्वान गरी कार्यान्वयन गरिने आयोजनाहरु बाहेक उपभोक्ता समितिहरुबाट कार्यान्वयन गरिने आयोजनाहरुको हकमा कम्तिमा १० प्रतिशत लागत सहभागिता वा श्रमदान सुनिश्चित गर्नु पर्नेछ । लागत सहभागिता वा जनसहभागिता नजुट्ने प्रकृतिका सबै आयोजनाहरु अनिवार्य ठेक्का प्रक्रियाबाट प्रतिस्पर्धा गराएर मात्र कार्यान्वयन गरिनेछ । ठेक्का प्रक्रियामा सार्वजनिक खरिद अनुगमन कार्यालयले तोकेको कार्यविधि अनुसार विद्युतीय खरिद प्रणाली अबलम्वन गरिनेछ । ठेक्का आह्वाना गर्दा संभव भएसम्म आयोजना कार्यान्वयन हुने स्थानका लाभग्राहीहरुले लाभ लिने र स्थानीय स्रोत, साधन, श्रम, सीप र प्रविधिको प्रयोग हुने व्यवस्था मिलाईनेछ ।

१०९. गैर सरकारी संघ संस्थाहरुबाट यस नगरपालिकामा कार्यान्वयन हुने बजेट तथा कार्यक्रम नगर कार्यपालिकाबाट स्वीकृत गराई नगरपालिकाबाट कार्यान्वयन भईरहेका बजेट तथा कार्यक्रमसँग दोहोरो नपर्ने गरी कार्यान्वयन हुने व्यवस्था मिलाईएको छ । नगरपालिकासँग समन्वय नगरी काम गर्ने तथा बजेट कार्यान्वयन गर्ने गैर सरकारी संघ संस्थाहरुलाई दण्डित गरिनेछ ।

११०. गैर सरकारी संघ संस्थाहरुबाट नगर कार्यपालिकाको स्वीकृति अनुसार कार्यान्वयन भएका योजनाहरुको अनुगमन तथा मूल्याङ्कन नगरपालिकाको अनुगमन तथा सुपरिवेक्षण समिति र सम्बन्धित गैर सरकारी संघ संस्थाका प्रतिनिधि सहितको संयुक्त अनुगमन टोलीबाट हुने व्यवस्थालाई बाध्यकारी बनाईनेछ ।

१११. कार्यालय संचालन तथा प्रशासनिक खर्च एवम् संस्थागत विकास, सुशासन र सेवा प्रवाह तर्फ **रु १२ करोड ४४ लाख ६२ हजार ४ सय ७०** विनियोजन गरेको छु ।

११२. चालू आर्थिक वर्षमा कोरोना रोगको महामारीको जोखिम कम गर्न घोषित लकडाउनको कारण निर्माण सामग्री खरिद, ढुवानी एवम् जनशक्ति व्यवस्थापनमा समस्या उत्पन्न भई सम्झौता बमोजिम कार्य सम्पन्न नहुने अवस्था देखिएका आयोजनाहरुमा विनियोजित रकम सशर्त अनुदान बाहेक आगामि आर्थिक वर्षमा सोही शिर्षकमा स्वतः कायम हुने व्यवस्था मिलाएको छु ।

**अध्यक्ष महोदय,**

११३. बजेटको विनियोजन र स्रोतको व्यवस्था सम्बन्धी योजना देहाय बमोजिम रहेको छ ।

११४. आगामी आर्थिक वर्षको लागि **रू. ४९ करोड २० लाख ९२ हजार ४ सय ७०** विनियोजन गरेको छु । कुल विनियोजनमध्ये चालुतर्फ **रू. ३२ करोड १७ लाख १० हजार ४ सय ७०** अर्थात ६५.३८ प्रतिशत र पुँजीगततर्फ **रू. १७ करोड ३ लाख ८२ हजार** अर्थात् **३४.६२ प्रतिशत** रहेको छ ।

११५. आगामी आर्थिक वर्षका लागि अनुमान गरिएको खर्च व्यहोर्ने स्रोतहरुमध्ये आन्तरिक राजश्वबाट **रू. २ करोड** अर्थात ४.०६ **प्रतिशत,** संघीय सरकार वित्तीय समानीकरण आुदानबाट **रू. १० करोड ३७ लाख** अर्थात् २१.०७ **प्रतिशत,** संघीय सरकार सशर्त अनुदानबाट **रू. २२ करोड ५० लाख** अर्थात् **४५.७२ प्रतिशत,** संघीय सरकार राजश्व बाँडफाँटबाट **रु ७ करोड ९१ लाख** ८९ हजार ४ सय ७० अर्थात् **१६.०९ प्रतिशत,** संघीय सरकार समपूरक अनुदानबाट **रु ६४ लाख** अर्थात् **१.३० प्रतिशत,** संघीय सरकार विशेष अनुदानबाट **रु २ करोड** अर्थात् ४.०६ **प्रतिशत,** प्रदेश सरकार वित्तिय समानीकरण अनुदानबाट **रु १ करोड १ लाख ९३ हजार** अर्थात २.०७ **प्रतिशत,** प्रदेश राजश्व बाँडफाँटबाट **रु ६ लाख १० हजार** अर्थात् ०.१२ **प्रतिशत,** प्रदेश सरकार सःशर्त अनुदानबाट **रु ५० लाख** अर्थात्

१.०२ प्रतिशत, प्रदेश सरकार समपूरक अनुदानबाट रु १ करोड ७० लाख अर्थात् ३.४५ प्रतिशत र प्रदेश सरकार विशेष अनुदानबाट रु ५० लाख अर्थात् १.०२ प्रतिशत व्यहोर्ने प्रक्षेपण गरेको छु ।

**अध्यक्ष महोदय,**

**११६.** आर्थिक वर्ष २०७७/०७८ का लागि आन्तरिक राजश्व परिचालन नीतिका उद्देश्य निम्नानुसार रहेका छन् :-

(क) वडा र नगरपालिका केन्द्रविचमा सहयोग, सहकार्य र समन्वयको वातावरण निर्माण गर्दै सबै प्रकारका आर्थिक क्रियाकलापहरुलाई करको दायरामा समेटी अधिकतम राजश्व परिचालनमा जोड दिने र राजश्व चुहावट नियन्त्रण गर्ने,

(ख) कोभिड-१९ को रोकथाम र नियन्त्रणको लागि नेपाल सरकारले लागू गरेको लकडाउनको कारण चालू आर्थिक वर्षको आय ठेक्का प्रभावित भएको र आगामी आर्थिक वर्षमा समेत यस्तो अवस्थाको निरन्तरता हुन सक्ने देखिएकोले आय संकलन प्रक्रिया र विधिमा सुधार तथा कर सहुलियत दिनु पर्ने अवस्था रहेमा सोको समेत आँकलन गरी आन्तरिक राजश्व परिचालन गर्ने,

(ग) करको संरचना र करका दरहरुमा समय सापेक्ष सुधार गरी कर प्रणालीलाई थप प्रगतिशील र समतामूलक बनाउने,

(घ) आन्तरिक राजश्व परिचालनमा दिगो वृद्धिदर हासिल गरी स्थानीय वित्त प्रणालीलाई सुदृढ तुल्याउने गरी राजश्व प्रणालीमा सुधार गर्ने,

(ङ) आन्तरिक राजश्वका थप स्रोतहरु पहिचान गरी मौजुदा आन्तरिक करका दरहरुलाई लागत प्रभावी बनाउने,

(च) कर तिर्ने प्रवृत्तिको विकास गर्ने र गराउने ।

**११७.** माथि उल्लेखित राजश्व परिचालन नीति सम्बन्धी उद्देश्य हासिल गर्नको लागि देहाय बमोजिमका नीति तथा कार्यक्रमहरु अवलम्बन गरिनेछन् :-

(क) करदातालाई बैंक मार्फत कर दाखिला गर्न सक्ने व्यवस्था मिलाइनेछ ।

(ख) कर प्रणालीमा प्रक्रियागत सरलीकरणका लागि प्रशासनिक, कानुनी तथा प्राविधिक विषयहरुमा एकरुपता र स्पष्टता हुने गरी सुधारको प्रस्ताव तयार पारी लागू गरिनेछ ।

(ग)सार्वजनिक सेवा र राजश्वविचमा तादाम्यता कायम गर्दै कर नतिर्ने व्यक्ति वा नागरिकलाई कर नतिरेसम्म सार्वजनिक सेवाबाट वञ्चित गराउने एवम् कुनै पनि उपभोक्ता समिति, समूह, सहकारीमा कामकाज गर्न वा सदस्य हुन अयोग्य हुने नीतिको अवलम्बन गरिनेछ ।

(घ) करदाताले तिरेको सबै करको जानकारी दिने गरी एकीकृत करदाता कार्ड बनाई लागू गरिनेछ र सोही कार्डको आधारमा सेवाप्रवाह र विकास निर्माणका कार्यमा संलग्न हुने व्यवस्था मिलाइनेछ ।

(ङ)करको दरभन्दा करको दायरा विस्तारलाई प्राथमिकता दिई कराधारलाई थप फराकिलो बनाउँदै लगिनेछ ।

(च) करदाता तथा आम नागरिकका लागि सूचनामूलक एवं. सचेतना अभिवृद्धि सम्बन्धी करदाता शिक्षा कार्यक्रमहरुलाई निरन्तर रुपमा सञ्चालन गरिनेछ । यस्तो शिक्षा, सूचना र सचेतना सम्बन्धी कार्यहरु आवश्यकता अनुसार निजी, गैरसरकारी, उपभोक्ता हितकारी एवम् पेशागत संघसंस्थाहरु समेतको सहभागिता र समन्वयमा सञ्चालन गरिनेछ ।

(छ) विद्यालयहरुमा विभिन्न तहका पाठ्यक्रममा आवश्यकता अनुसार नेपालको कर प्रणाली तथा स्थानीय कर सम्बन्धी विषय समावेश गर्न आवश्यक समन्वय गरिनेछ ।

(ज) राजश्व संकलनको लागि आवश्यक जनशक्ति प्रक्षेपण गरी परिचालन गरिनेछ ।

(झ) कर संकलनमा जिम्मेवार पदाधिकारी एवम् कर्मचारीहरुलाई तालिमको व्यवस्था गरिनेछ ।

(ञ) कर संकलनलाई व्यवस्थित बनाउन सुरुमा उत्प्रेरणात्मक उपायहरु अवलम्बन गरिनेछ । तर कर छलि गर्ने वा नतिर्ने प्रवृत्तिको लागि दण्डात्मक नीति अवलम्बन गरिनेछ ।

**अध्यक्ष महोदय,**

११८. बजेट छलफलको क्रममा महत्वपूर्ण सुझाव, सल्लाह र परामर्श दिएर सहयोग र मार्गदर्शन गर्नुहुने पूर्वमन्त्री एवम् प्रतिनिधिसभा सदस्य माननीय जनार्दन शर्मा, प्रतिनिधि सभा सदस्य माननीय तीर्था गौतम, राष्ट्रिय सभा सदस्य माननीय ठकेन्द्र प्रकाश पुरी, कर्णाली प्रदेश भूमी व्यवस्था, कृषि तथा सहकारी मन्त्री माननीय विमला के.सी., कर्णाली प्रदेश सभा सदस्य माननीय गोपाल शर्मा, माननीय देवी ओली, माननीय रातो कामी, रुकुम (पश्चिम) जिल्ला समन्वय समिति प्रमुख आदरणीय राजकुमार शर्मा लगायत आ-आफ्नो तर्फबाट सुझाव दिनु हुने सम्पूर्ण पदाधिकारी, राष्ट्रसेवक कर्मचारी, बुद्धिजीवि, स्थानीय उद्योग वाणिज्य संघ, नागरिक समाज, पत्रकार, सञ्चारकर्मी, राजनीतिक दलका प्रतिनिधि, सामुदायिक संस्था सबैमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु । नगरपालिकाको आर्थिक सामाजिक विकासमा निरन्तर सहयोग पुऱ्याउने सबै करदातालाई धन्यवाद दिन चाहन्छु । बजेट कार्यान्वयनमा सबैको पूर्ण सहयोग रहने अपेक्षा समेत गरेको छु ।

११९. मुलुकभित्र र बाहिर रहनु भएका सबै नगरपालिकाबासी दिदी बहिनी तथा दाजुभाईलाई कोभिड-१९ को जोखिमबाट सुरक्षित रहँदै सबल, समृद्ध र न्यायपूर्ण नगरपालिका निर्माणमा योगदान गर्न आह्वान गर्दछु ।

१२०. अन्त्यमा, नगरको विकास र समृद्धिमा निरन्तर सद्भाव र सहयोग पुऱ्याउने आम नागरिक, राष्ट्रसेवक शिक्षक, कर्मचारी, करदाता, सरकारी,

गैरसरकारी तथा सामुदायिक संस्थाहरुप्रति हार्दिक आभार व्यक्त गर्दै बजेटको सफल कार्यान्वयनमा सबैको खुला सहयोगको अपेक्षा गर्दछु।

## धन्यवाद !!